# विद्यालय शिक्षामा भएको लगानीको प्रभावकारीता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.)को योजना तथा व्यवस्थापन विषयको आवश्यकता परिपूर्तिको लागि तयार गरिएको

**शोधपत्र**


शोधकर्ता

चेतप्रसाद तिमल्सिना

परीक्षा रोल नं. २३३०१३४

क्याम्पस रोल नं. ४४/०६५/६६

त्रि.वि. दर्ता नं. २४९५३-८८

सिन्धुली बहुमुखी  क्याम्पस, सिन्धुली


२०६९

# विद्यालय शिक्षामा भएको लगानीको प्रभावकारीता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.)को योजना तथा व्यवस्थापन विषयको आवश्यकता परिपूर्तिको लागि तयार गरिएको

## शोधपत्र


शोधकर्ता

चेतप्रसाद तिमल्सिना

परीक्षा रोल नं. २३३०१३४

क्याम्पस रोल नं. ४४/०६५/६६

त्रि.वि. दर्ता नं. २४९५३-८८

सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली


२०६९

विद्यालय शिक्षामा भएको लगानीको प्रभावकारीता चेतप्रसाद तिमल्सिना २०६९

☎ 047-520066

त्रिभुवन विश्वविद्यालय तथा उच्च माध्यमिक शिक्षा परिषद्‌बाट सम्बन्धन प्राप्त

# सिन्धुली बहुमुखी क्याम्पस

कमलामाई-९, सिन्धुली

# Sindhuli Multiple Campus

Kamalamai-9, Sindhuli

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत (एम.एड.) दोस्रो वर्षका विद्यार्थी चेतप्रसाद तिमल्सिनाले **विद्यालय शिक्षामा लगानीको प्रभावकारीता** शीर्षकमा प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । नीकै मिहिनेत र परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु । यसको आवश्यक मूल्याङ्कनको लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

...........................................

**भागवत थापा**

शोधनिर्देशक

सिन्धुली बहुमुखि क्याम्पस

मिति :-२०६९/१०/१२

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग द्वितीय वर्षको आवश्यकता परिपूर्ति गर्नका लागि तयार पारिएको छ। यो अध्ययन विद्यालय शिक्षामा लगानीको प्रभावकारीतासँग सम्बन्धित छ।

प्रस्तुत अनुसन्धानको प्रस्तावना लेखनदेखि शोधपत्र तयारीसम्म आवश्यक सल्लाह एवम् कुशल निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु शोध-निर्देशक सह-प्राध्यापक भागवत थापा, अध्ययन सामाग्री संकलनमा आफ्नो अमूल्य समय प्रदान गरी सहयोग गर्नुहुने लोकमणि तिमल्सिनाप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

शोधपत्र तयार पार्ने क्रममा तथ्याङ्क संकलन कार्यमा सहयोग पुऱ्याउने नमुना छनौटमा परेका विद्यालयका प्राचार्य, अभिभावक, लेखापाल, विद्यार्थी, लेखनका लागि समय उपलब्ध गराई सहयोग पुऱ्याउने भाइ दिपक तिमल्सिना तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने महानुभावहरूप्रति आभार व्यक्त गर्दछु। शोधपत्र लेखनको क्रममा मलाई भाषा शुद्धतालाई सच्चाई र कम्प्युटर टाइप गरी मेहनतसाथ कम्प्युटर सेटिङ गरी प्रारूप तयार गर्न सहयोग पुऱ्याउनु हुने विराज बस्नेतलाई पनि धन्यवाद दिन चाहन्छु।

**चेतप्रसाद तिमल्सिना**

# शोधसार

प्रस्तुत अध्ययन विद्यालय शिक्षामा भएको लगानीको प्रभावकारीतासँग सम्बन्धित छ । यस शोधको मूल उद्देश्य विद्यालय शिक्षामा भएको सरकारी लगानीको प्रभावकारीता के कस्तो छ भनि हेर्ने रहेको छ ।

यो शोधकार्य पुरा गर्नको लागि मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यो अध्ययनले उद्देश्यमुलक नमुना छनोट विधिबाट नमुनाको रूपमा विभिन्न तथ्याङ्कहरू संकलन गरि निष्कर्षमा पुग्ने योजना बनाएको छ । यस अध्ययनका मुख्य स्रोतहरू विद्यालयतहमा आम्दानीका तथ्यगत विषयहरू समावेश गरिएको छ । यो शोध कार्यका लागि प्राथमिक र द्धितीय दुवै किसिमका स्रोत बाट तथ्याङ्क संकलन गरिएको छ । अन्तरर्वाता प्रश्नावली, अवलोकन तथा छलफलद्वारा तथ्याङ्क संकलन गरि तथ्याङ्कलाई तालिकीकरणगरी व्याख्या विश्लेषण गरिएको छ ।

यस अध्ययनबाट विशिष्ट परिणामहरु प्राप्त भएका छन् । विद्यालयको आम्दानीको मुख्य स्रोतका रुपमा अनुदान प्राप्त हुन्छ । अन्य आम्दानीहरू स्थानीय निकायबाट प्राप्त सहयोग, चन्दा, कुत, बैंक व्याज आदि पर्दछन् । त्यसगरी झण्डै ७४ प्रतिशत रकम शिक्षक तलव भत्तामा खर्च भएको पाइयो । भौतिक अवस्था सुधार गर्नु पर्ने, गैर शैक्षिक कर्मचारीको व्यवस्थापन व्यवस्थित गर्नु पर्ने साथै विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न भौतिक पक्षलाई राम्रो बनाउनु पर्ने कुरा निश्चित प्रायः हुन्छ । यसका लागि कक्षा कोठा, फर्निचर, शैक्षिक सामग्री, पुस्तकालय, कम्प्यूटर लगायतमा लगानी गर्नुपर्ने देखिन्छ । त्यसैगरी स्थानीय जनसमुदायको संलग्नता बढाउनु पर्ने आर्थिक पारदर्शिता कायम राख्न लेखा व्यवस्था दोहोरो श्रेस्ता अन्तर्गत साथै कम्प्यूटर प्रणालीबाट लेखा व्यस्थापन गर्नुपर्ने सुझाइएको छ ।

सरकारी अनुदानमा मात्र निर्भर रहने प्रचलनलाई कम गर्न विद्यालयका  लगानीका स्रोतहरु पत्ता लगाउदै जानुपर्दछ । विद्यालयका कुनै पनि लगानी खर्चलाई रसिद मार्फत कारोवार गरी रुजु गर्ने प्रणालीको व्यवस्था गरिनु पर्दछ । सामुदायिक विद्यालयले निजी विद्यालयसँगको प्रतिस्पर्धा कम गर्न अंग्रेजी माध्यमबाट पनि पढाइ सुरु गर्नु पर्दछ । यो अनुसन्धानले विद्यालय तहमा लगानी को प्रभावकारीता को बारेमा थप अनुसन्धान गर्न सहयोग गर्दछ ।

# विषय सूची

पेज नं.


सिफारिस पत्र

स्वीकृति  पत्र

कृतज्ञता ज्ञापन

शोधसार

संक्षिप्त शब्दावली

**परिच्छेद : एक**

**परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको क्षेत्र | ६ |
| १.४ अध्ययनको औचित्य | ६ |
| १.५ अध्ययनको उद्देश्य | ६ |
| १.६ अध्ययनको परिसीमा | ७ |

**परिच्छेद : दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२  अध्ययनको सैद्धान्तिक खाका | ११ |
| २.३ शैक्षणिक उपदेयता | १२ |

**परिच्छेद : तीन**

**अध्ययन विधि**

| | |
|---|---|
| ३.१ अध्ययन विधिको ढाँचा | १३ |
| ३.२ जनसंख्या र नमूना छनौट | १४ |
| ३.३ अध्ययनका विधि र साधनहरु | १४ |

३.४ तथ्याङ्क संकलन प्रक्रिया १४

३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १४

## परिच्छेद : चार

## तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

४.१ विद्यालयमा भएको लगानी शिर्षकहरुको विश्लेषण १५

४.२ खर्च शीर्षकहरुको सूची १९

४.३ खर्चको विश्लेषण १९

४.४ विद्यालयीय शिक्षामा भैरहेका आर्थिक लगानीको प्रभावकारिताको मूल्याङ्कन २३

४.५ विद्यालयीय शिक्षा लगानीमा देखिएका समस्याहरु तथा समाधानका उपायहरु २४

४.५.१ भौतिक लगानी २४

४.५.२ आर्थिक लगानी २५

## परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१ प्राप्ति २६

५.२ निष्कर्ष २७

५.३ सुझावहरु २७

५.३.१ नीति निर्माण तहका लागि सुझाव २७

५.३.२ कार्यन्वयन तहका लागि सुझाव २८

५.३.३. अनुसन्धान तहका लागि २८

सन्दर्भ सामग्री

# संक्षिप्त शब्दावली

प्रा.वि. - प्राथमिक विद्यालय

मा.वि. - माध्यमिक विद्यालय

वि.व्य.स. - विद्यालय व्यवस्थापन समिति

उ.मा.वि. - उच्च माध्यमिक विद्यालय

आ.व. - आर्थिक वर्ष

गा.वि.स. - गाउँ विकास समिति

ले.पा. - लेखापाल

रा.शि.प.यो - राष्ट्रिय शिक्षा पद्धति योजना

त्रि.वि.शि.शा.सं. - त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय

VDC – Village Development committee

DDC – District Development Committee

SIP – School Improrvent plan

GER – Gross Enrollment Rate

NER – Net Enrollment Rate

PCF – Per child fund

# परिच्छेद : एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव विकासको आधार हो । शिक्षा विना आजको संसारमा समाजको परिकल्पना पनि गाह्रो हुन्छ । शैक्षिक विकासको लागि यससँग सम्बन्धित स्वरुप प्रक्रिया, पाठ्यक्रमको लागि सम्बन्धित सांगठनिक स्वरुप प्रक्रिया पाठ्यक्रम, अनुगमन, मूल्याङ्कन आदिको प्रमुख भूमिका रहन जान्छ ।

नेपालमा शिक्षाको औपचारिक थालनी राणा कालदेखि भएतापनि प्रजातन्त्रको स्थापना पश्चात् भने यसले गतिलिन थालेको पाइन्छ । २०११ साल, २०१८ साल, २०२८ साल र २०४९ साल वा २०५४ सालहरुमा विभिन्न शैक्षिक आयोगहरु तथा समितिहरुले शैक्षिक विकासमा खोज तथा अनुसन्धान मार्फत सक्रिय नीतिगत नेतृत्व दिने प्रयास भएका छन् । यसै क्रममा हालको शैक्षिक पद्दति र क्रियाकलापहरु प्रजातन्त्र पुनस्थापना पछिको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ द्वारा निर्देशित विषयवस्तुलाई अंगिकार गर्दै अगाडि बढिरहेको पाइन्छ । हालको २०५४ को शिक्षा आयोगको सुझाव बमोजिम देशमा एउटा शिक्षा विभाग खडा गर्ने खालको सोचाइ समेत शुरुवात भएको छ ।

हालको विद्यमान अवस्था अनुसार शैक्षिक नेतृत्व केन्द्रमा शिक्षा मन्त्रालयलाई दिइएपनि जिल्लामा मुख्यतः जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयका नीति नियम काम कार्वाही उत्तरदायित्व आदिमा विचार पुऱ्याउनु पर्ने हुन्छ । जिल्लाभित्र शैक्षिक गतिविधि राम्रो भए वा शैक्षिक गुणस्तर ह्रास भएको अवस्थामा त्यसको जिम्मेवारी जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयलाई नै जान्छ । अर्थात् शिक्षामा भएको सरकारी लगानीको प्रभावकारीता हेर्ने निकाय पनि यिनै तहहरु हुन् भन्न सकिन्छ ।

शिक्षा नियमावली २०४९ को परिच्छेद ३ मा शिक्षा समितिको गठन तथा काम कर्तव्य अधिकारहरु निश्चित गरिएका छन् । जसमा काम, कर्तव्य तथा अधिकारहरु यस प्रकार छन् ।

शिक्षासँग सम्बन्धित जिल्ला स्तरिय योजना पारित गर्ने, विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, शिक्षा विषयका सेमिनार, सम्मेलन र प्रर्दशनीको आयोजना गर्ने, प्रत्यक्ष चौमासिक र वार्षिक कार्यक्रमको लक्ष्य र प्रगतिको समिक्षा गर्ने र आफ्नो प्रतिक्रिया सहितको प्रगति विवरण क्षेत्रिय शिक्षा निर्देशनालय तथा मन्त्रालयमा

पठाउने, विद्यालयलाई आर्थिक सहयोग पु¥याउन गा.वि.स. तथा नगरपालिकाहरुलाई अभिप्रेरित गर्ने, जिल्ला स्तरीय खेलकुद, स्काउट तथा सांस्कृतिक कार्यक्रमको विकासको लागि स्रोत जुटाउने र यस प्रकार जम्मा भएको रकमलाई सोही शीर्षकमा खर्च गर्ने, प्रा.वि. तहमा विद्यार्थी संख्या र नि.मा.वि. र मा.वि. तहमा विषय अनुसारको दरवन्दी निर्धारण गर्ने, प्राथमिकता तोकि विद्यालहरुलाई तल्लो तहबाट माथिल्लो तहहरुमा स्वीकृति प्रदान गर्ने, शिक्षक र विद्यार्थी कल्याणको लागि कार्यक्रम बनाउने, अनौपचारिक शिक्षा कार्यक्रम सम्बन्धि व्यवस्था गर्ने, लेखापरिक्षणको प्रतिवेदन अनुसार आवश्यक कावाही गर्ने, जिल्लाको विभिन्न परीक्षाहरु मर्यादित र स्वच्छ वातावरणमा सञ्चालन गर्ने ।

यसरी शिक्षा नियमावलीमा उपरोक्त व्यवस्था भए अनुसार जिल्लाको शैक्षिक वागडोर जिल्ला शिक्षा समितिमा भएको स्पष्ट हुन्छ । यसै व्यवस्था अनुरुप विद्यालयहरुमा पुग्ने आर्थिक पक्षहरु सबै जिल्ला शिक्षा कार्यालय तथा जिल्ला शिक्षा समिति अन्तर्गत नै परिचालित भैरहेको पाइन्छ । जिल्ला शिक्षा समितिको सक्रियतामा त्यस जिल्लाका शैक्षिक निकाय, शैक्षिक गतिविधि शिक्षण संस्था, विद्यार्थी, शिक्षक, अभिभावक आदिको लगनशिलता वा गुणस्तर युक्त शिक्षण सिकाईमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लगानीले असर पु¥याई रहेको हुन्छ । शिक्षामा विकेन्द्रिकरणको शुरुवात भएदेखि नै देशलाई ५ विकास क्षेत्र, अञ्चल हुँदै ७५ जिल्लामा विभाजन गरिएपनि वर्तमान समयको शैक्षिक विकेन्द्रिकरणलाई अझै उपयुक्त मान्न सकिदैन । किनकी यसै पनि अप्रयाप्त देशको शिक्षामा भएको लगानी गाउँ स्तरसम्म अर्थात् विद्यालय तहमा पुग्दा कुन स्थितिमा के कति पुग अपुग प्रभावकारी अप्रभावकारी कस्तो छ भनी मूल्याङ्कन गर्ने काम भने प्रभावकारी रूपमा भएको देखिदैन ।

समग्रमा भन्दा हालको स्थितिलाई केलाउँदा शैक्षिक क्षेत्रमा भएको सरकारी लगानी आफैमा थोरै छ त्यो लगानी पनि पारदर्शी कार्यान्वयन हुन नसकेको स्थिति छ । साथै देशका दुरदराज र दुर्गम क्षेत्रमा भएका लगानी अप्रयाप्त नै भएको पाइन्छ । शिक्षा शहरमुखि भएको पाइन्छ । गाउँको तुलनामा शहरी क्षेत्रमा नै लगानी बढी भएको पाइन्छ । लगानीमा वैज्ञानिक आधार निर्माण गर्नु साथै कार्यान्वयन क्षेत्रलाई वैज्ञानिक सुधार आवश्यक छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले शिक्षा क्षेत्रका लागि उपलब्ध साधनहरुबाट तलव भत्तामा ७०% र पहुँच गुणस्तरका लागि २०% का दरले वाँडफाँड हुन पर्ने र १०% शिक्षा क्षेत्रको भौतिक विकास तथा गुणस्तरका लागि विनियोजित गर्नुपर्ने कुराहरुमा सुझाव दिएको पाइन्छ । यो प्रतिवेदनले कुल ग्राहस्थ्य विनियोजित गर्नुपर्ने

कुराहरुमा सुझाव दिएको पाइन्छ । यो प्रतिवेदनले कुल ग्राहस्थ्य उत्पादनको ३४% वा कुल सरकारी बजेटको १७% शिक्षामा लगानी गर्न प्रस्ताव गरेको छ । शिक्षा विकासका लागि थप साधन स्रोत जुटाई पिछडिएको क्षेत्र र वर्गका बालबालिकाको समुचित शिक्षामा खर्च गर्न राष्ट्रिय, क्षेत्रीय र स्थानिय "शिक्षा विकास कोष" को स्थापना गरी शिक्षामा वित्तीय व्यवस्थालाई सुधार गर्ने उपाय अवलम्वन गरी सबैलाई शिक्षाको पहुँचमा ल्याउने अवसर सुनिश्चित गरेको यस प्रतिवेदनमा बुझिन्छ । प्राथमिक शिक्षा तर्फ आठौं योजना (२०४९-२०५४) को अवधिमा प्राथमिक शिक्षा उमेर ६-१० वर्षका बालबालिकाहरुको खुद भर्नादर (NER) ९०% पुऱ्याउने लक्ष्य अनुरुप २०२५ प्राथमिक शिक्षक थप्ने लक्ष्य अनुरुप विद्यालय संख्या ३५२४ पुगेको देखिन्छ भने NER ६९.४% पुगेको छ । यसबाट सरकारले प्राथमिक तहमा लगानीलाई बढाएको प्रष्ट हुन्छ ।

नेपालमा योजनाबद्ध विकासको शुरुवात २०१३ सालदेखि भएको हो । यसै सालबाट पञ्चवर्षीय योजना शुरु भई शिक्षा क्षेत्रलाई शिक्षाको प्रचार भनी उल्लेख गरेको पाइन्छ । २०४६ साल देखि हालसम्मको विद्यालयमा भएको सरकारी लगानी प्रभावकारी अध्ययन गर्दा विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति कार्य योजनाको अवधारणा पत्र २०५८ मा आर्थिक पारदर्शिता शीर्षक अन्तर्गत निम्न समस्या तथा समस्या समाधानका लागि रणनीति तथा कार्यनीति तय गरिएको पाइयो ।

सार्वजनिक विद्यालयमा लेखा दुरुस्त राख्नु समयमा लेखा परिक्षण गराउने र अभिभावकलाई जानकारी गराउने व्यवस्था कमजोर छ । जिल्ला शिक्षा कार्यालयले पनि आफूलाई प्राप्त बजेट सार्वजनिक गर्ने र त्यसको सदुपयोग भएको कुरा सर्वसाधारणमा जानकारी गराउने गरेको पाईदैन । जिल्ला शिक्षा कोषको रकम स्रोत, त्यसको परिचालन र त्यसमा भएको रकम विनियोजन भएको पाईदैन । त्यसैले आर्थिक पारदर्शिताका माध्यमहरु सबै तहमा पालना गरी शिक्षाका निकायहरु स्वच्छ छन् भन्ने जनविश्वास तय गरिएका रणनीति तथा कार्यनीतिलाई उक्त अवधारणा पत्रले निम्न अनुसार उल्लेख गरेको पाइन्छ ।

आर्थिक पारदर्शिताको लागि सबैलाई स्वीकार्य लेखाप्रणाली सबै प्रकारका विद्यालय र शैक्षिक निकायहरुमा अवलम्वन गरिनेछ । आय व्ययको जानकारी सार्वजनिक गर्ने नीति लिइनेछ । प्रत्येक विद्यालयले सरकारले तोकेको ढाँचाका लेखा राख्नु पर्नेछ । आम्दानी र खर्चको विवरण अनिवार्य रुपले वार्षिक अभिभावक भेलामा प्रस्तुत गर्नु पर्नेछ । मान्यता प्राप्त लेखा परिक्षकहरुबाट विद्यालय व्यवस्थापन समितिले लेखापरिक्षक नियुक्त गरी वार्षिक

रुपमा लेख परीक्षण गराउनु पर्नेछ । लेखा परीक्षण प्रतिवेदन विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई जि.शि.का.मा अनिवार्य रुपमा पठाउनु पर्नेछ । लेखा स्रोतहरु सर्वसाधारणले हेर्न चाहेमा विद्यालयले देखाउनु पर्नेछ । लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएका विवरणहरु प्रति वि.व्य.स. पूर्ण रुपले जिम्मेबार हुनेछ ।

चालु त्रिवर्षीय योजना सन २००७-२००९ मा व्यक्तिमा अन्तरनिहित सिर्जनात्मक प्रतिभा र क्षमतालाई उजागर गर्दै सामाजिक उत्थान गर्नु मानवीय मुल्य एवं मान्यतालाई आत्मसाथ गरी वैज्ञानिक शिक्षाको दृष्टिले कार्य सम्पादन गर्न सक्ने नागरिक तयार गर्नु आधुनिक शिक्षाको मुख्य उद्देश्य भनेर उल्लेख गरिएको छ । त्रिवर्षीय योजनामा शिक्षाको उद्देश्य चारवटा रहेका छन् ।

शिक्षामा सबै नागरिक पहुँच सुनिश्चित गरी साक्षर बनाउनु र गुणस्तरयुक्त तथा रोजगारी मुलक शिक्षा प्रदान गर्नु । सबैका लागि समान गुणस्तरको निःशुल्क र सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभूति गर्नु । उच्च शिक्षालाई अनुसन्धान मुलक तथा प्रतिश्पर्धी जनशक्ति उत्पादन गर्ने तर्फ विकसित गर्नु । सबै तहको शिक्षालाई समतामूलक एवंम् समावेशी बनाउनु ।

शिक्षामा राज्यले कति लगानी गर्नुपर्छ भन्ने सन्दर्भमा उच्चस्तरीय शिक्षा आयोग २०५५ ले सरकारी बजेटको १७ प्रतिशत शिक्षामा छुट्याउनुपर्ने र त्यसको ५५ प्रतिशत आधारभूत तथा प्राथमिक शिक्षामा र २९ प्रतिशत माध्यमिक शिक्षामा लगानी गरिनुपर्ने सुझाव पेश गरेको थियो । विद्यालय क्षेत्र सुधार कार्यक्रमको योजना सन् (२००९-२०१५) ले शिक्षा क्षेत्रको कुल राष्ट्रिय वजेटको २० प्रतिशतसम्म पुर्‍याउने र कुल शिक्षा वजेटको ८५ प्रतिशत विद्यालय शिक्षामा लगाउनु पर्ने कुरा अगाडि सारेको छ । सन् २००९ को डिसेम्बरमा सम्पन्न दोस्रो ढाका घोषणा पत्रमा कुल ग्राहस्थ्य उत्पादनको ६ प्रतिशत शिक्षामा खर्च गरिनु पर्ने उल्लेख छ ।

आ.व. २०६६-०६७ मा सरकारले शिक्षामा सबभन्दा धेरै (१६.३ प्रतिशत) लगानी गरेको देखिन्छ । सरकारले नेपालको अन्तरिम संविधान २०६३ मा भएको शिक्षा सम्बन्धि हकको व्यवस्था सबैका लागि शिक्षा र सहस्राव्दी विकासको विश्वव्यापी लक्ष्यहरु र चालु त्रिवर्षीय अन्तरिम योजनाका आधारमा शिक्षामा लगानी गर्ने प्रयास गरेको छ, निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा, माध्यमिक तहसम्म क्रमश निःशुल्क शिक्षा, जनसहभागिता मूलक राष्ट्रिय साक्षरता अभियान लक्षित वर्गमा व्यवसायिक र प्राविधिक शिक्षाको विस्तार

मातृभाषामा प्राथमिक र अनौपचारिक शिक्षा वर्तमान सरकारका लगानीका प्रमुख आधारहरु बनेका देखिन्छन् ।

विद्यालय शिक्षामा गरिएका लगानीलाई प्रभावकारी बनाउने पहलहरु सकारात्मक छन् भन्ने कुरा माथिका बुँदाहरुबाट प्रष्ट हुन्छ । विद्यालय क्षेत्रको सरकारी लगानी प्रभावकारी र व्यवस्थित बनाउन शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ मा भएको विद्यालयसँग सम्बन्धित आधिकारिक निकायको काम कर्तव्य र अधिकारबारे र विद्यालय लेखा प्रणाली सम्बन्धि निम्न व्यवस्था रहेको पाइन्छ ।

शिक्षा नियमावली (२०५९) को नियम ९४ मा प्र.अ.ले व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाव राख्ने तथा राख्न लगाउने व्यवस्था गरिएको छ । नियम १६८ मा प्र.अ.ले प्रत्येक वर्ष आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति जिल्ला शिक्षा कार्यालयमा समयमा नै पठाउनु पर्नेछ । नियम नं. १७० मा विद्यालयको आय-व्ययको लेखा विल भपाई लगायत आवश्यक कागजात राख्ने काम विद्यालयको रकम खर्च गर्ने अधिकार प्राप्त अधिकारीको हुनेछ । विद्यालयको लेखा राख्दा विद्यालयको काम कार्वाही, सामानहरुको खरिद बिक्री र विद्यालयको नगदी, जिन्सी जायजेथा, दायित्व विस्तृत विवरण स्पष्ट रुपले खोलेको हुनुपर्नेछ । विद्यालयको प्रधानाध्यापकले प्रत्येक वर्ष आफ्नो विद्यालयको लेखा परिक्षण जिल्ला शिक्षा अधिकारीले तोकेको लेखा परिक्षकद्वारा गराईनु पर्दछ ।सबै किसिमका विद्यालयहरुले विद्यालयको आय व्ययको लेखा व्यवस्थित गरेर आर्थिक पारदर्शिता गराउनु पर्छ । लगानी प्रभावकारी भएमा आशातीत उपलब्धी प्राप्तगर्न सकिन्छ ।

## १.२ समस्याको कथन

विद्यालय शिक्षामा भएको लगानी विषयक यस शोधले मुख्यतया नेपालको विद्यालय तह बाल विकास कक्षा १ देखि कक्षा १२ सम्मका विद्यालयहरुमा सरकारको लगानीको अवस्था पहिचान गरी लगानी सदुपयोग भएको वा नभएको प्रयाप्त वा अप्रयाप्त भएको र ग्रामीण भेग तथा शहरी भेगका विद्यालय विचको फरक अवस्था कस्तो छ भनि लगानी प्रभावकारी बनाउन के कस्ता सुझावहरु सुझाउन सकिन्छ साथै साझा समस्याहरु समाधान गर्न सरकारी तत्परता के छन् भन्ने प्रश्नहरुको उत्तरखोजी गरी सरकारी लगानीलाई पूर्णतया प्रभावकारी लगानीको रुपमा विकास गर्न योागदान पुऱ्याउन केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालय शिक्षामा भएको सरकारी लगानी र प्रभावकारीता हेर्ने काम आफैमा महत्वपूर्ण अध्ययनको विषय हो तसर्थ यस्तो खोजि वा अध्ययनको लागि सरकारका जिम्मेवार निकायहरु जस्तै शिक्षा मन्त्रालय, शिक्षा विभाग,राष्ट्रिय योजना आयोग क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय विभिन्न दातृ निकायहरु शिक्षा क्षेत्रमा काम गरिरहेका विभिन्न गैरसरकारी संस्थाहरु विद्यालय प्रशासन तथा शिक्षा सरोकार वाला सबैको लागि यो एउटा महत्व पूर्ण विषय भएकोले यस सम्बन्धमा शोधले अध्ययन गरेको छ।
शिक्षा मन्त्रालयले राष्ट्रिय स्तरको शैक्षिक नीति बनाउने काम गरेतापनि नीति अनुसार कार्यान्वयन गर्ने र जिल्ला स्तरीय हुँदै स्थानीय स्तरीय कार्यक्रम कार्यान्वयन रणनीति तयार गर्नु पर्ने हुन्छ । खासगरी भौगोलिक तथा सामाजिक क्षेत्रको परिवेश कार्यान्वयन पक्षमा चुनौतिको रुपमा पाइएको छ । यस शोध अध्ययनले सिन्धुली जिल्लालाई शोधको क्षेत्र बनाएकोले खासगरी उक्त जिल्लाका गाउँ तथा शहरी क्षेत्रमका विद्यालयहरुमा गरीएको लगानीले शिक्षाको विकाशमा कस्तो प्रभाव पारेको छ लगानी बाट तलव भत्तामा कति खर्चभयो शैक्षिक सामग्री, छात्रवृत्ति, भौतिक अवस्थाका साथै सिकाइलाई प्रभावकारी वनाउन लगानी गर्नुपर्ने र हालसम्मका प्रगतीको समीक्षा गर्दै भावि योजना निर्माण गर्नु यसअध्ययनको मुख्य औचित्य हो।

## १.४ अध्ययनको उद्देश्यहरू

यो शोधले निर्दिष्ट गरेका उद्देश्यहरु निम्नलिखित छन्।

क. विद्यालयीय शिक्षामा भईरहेको आर्थिक लगानीका क्षेत्रहरु पहिल्याउने।

ख. विद्यालयीय शिक्षामा भईरहेका आर्थिक लगानीको प्रभावकारिताको मूल्याङ्कन गर्ने।

ग. विद्यालयीय शिक्षाको लगानीमा देखिएका समस्याहरु पहिचान गरी समाधानका लागि सुझाव सुझाउने।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

निम्न लिखित अनुसन्धानात्मक प्रश्नहरुका आधारमा यस शोध कार्यलाई अगाडि बढाइएको छ।

क. विद्यालय शिक्षामा सरकारले कुन कुन शीर्षक अन्तर्गत लगानी गरिरहेको छ ?

ख. लगानी हुन नसकेका विषय शीर्षकहरु के के छन् ?

ग. लगानी पर्याप्त वा अपर्याप्त कस्तो अवस्थामा छ ?

घ. लगानी कार्यान्वयन पक्ष कस्तो छ ?

### १.६ अध्ययनको परिसीमा

यस शोध अध्ययनका लागि मानवीय संसाधन, आर्थिक स्रोत र समयावधिको कारणले गर्दा अध्ययन कर्ताद्धारा निम्नानुसारको परिसीमा निर्धारण गरिएको छ विद्यालय शिक्षामा भएको सरकारी लगानी विषय आफैमा व्यापक भएकोले यसलाई सीमाङ्कन गर्दै यसलाई पूरा गर्नका लागि सिन्धुली जिल्लाको ग्रामिण भेगमा पर्ने १२० वटा विद्यालय भित्र पर्ने चारवटा श्रोतकेन्दका श्री चन्द्रावती उ.मा.वि. बेलघारी, श्री जनप्रेमी उ.मा.वि. स्याङ्गती सिन्धुली तथा शहरी भेगमा पर्ने श्री कमला उच्च मा.वि. ढुङ्गेवास सिन्धुली र श्री उ.मा.वि. पानीट्याङ्की सिन्धुलीका ा विद्यालयलाई उद्देश्य मूलक नमूना छनोटका माध्यमले नमूना लिई शोध कर्ता आफैले निरन्तर अध्ययन र अवलोकन गरी यो शोध पुरा गरिएको छ। साथै यसका नमूना छनोटमा परेका एक-एक जना विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चार जना, प्र.अ.चार जना लेखापाल चार जना , शिक्षक चार जना, अभिभावक चार जना यसका उत्तरदाता रहेका छन् ।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

प्रजातान्त्रिक व्यवस्थामा प्राज्ञिक स्वतन्त्रता हुने हुँदा विभिन्न समयमा विभिन्न विद्वान्हरुले शिक्षा क्षेत्रमा देखा परेका तमाम समस्याहरुको समाधान गरी शिक्षाको विकास गर्ने उद्देश्यले विभिन्न लेख रचना तथा अनुसन्धान मार्फत् आफ्ना विचार, सुझाव, चिन्तन मनन र विकल्पको खोजी गर्दै आएको पाइन्छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

ढकाल (२०६८) ले लमजुङ्ग जिल्लाको प्यारजुङ स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुको शैक्षिक वित्त व्यवस्थालाई निम्नानुसार उद्देश्यअनुसार उल्लेख गरेका छन् । प्यारजुङ स्रोत केन्द्र अन्तर्गतका विद्यालयहरुको शैक्षिक वित्त व्यवस्थामा लगानीका स्रोत तथा खर्च शीर्षकहरुको पहिचान गर्ने । विद्यालयहरुको शैक्षिक वित्त व्यवस्थामा देखिएका समस्याहरु पत्ता लगाई व्याख्या विश्लेषण गर्ने । विद्यालयको शैक्षिक वित्त व्यवस्थापनमा देखापरेका समस्याहरु समाधान गर्न सुझावहरु सुझाउने ।

यी उद्देश्यहरु पूरागर्न शोधकर्ताले विभिन्न सन्दर्भ सामग्रीहरुको अध्ययन गरी छलफल, आन्तरक्रिया अवलोकन सर्वेक्षण, प्रश्नावली, अन्तरवार्ता आदिको माध्यमबाट अध्ययन गरी अध्ययनकर्ताले निम्न प्राप्ती र सुझावहरु उल्लेख गर्नुभएको छ । विद्यालयहरुको लगानी तथा खर्चको शीर्षकहरु पत्ता लगाईएको छ । विद्यालयको लगभग ८०% लगानी सरकारी अनुदान भएको । विद्यालय सुधारको लागि स्थानीय संघ संस्था र निकायहरुको भूमिका महत्वपूर्ण भएको । विद्यालयले परिाीा, भर्ना तथा अन्य शुल्कहरु बाट करिब १ प्रतिशत लगानी गर्दछ । विद्यालयको कुल खर्चको ८०% खर्च तलब भत्तामा हुने गरेको । विद्यालयका शैक्षिक भ्रमण शीर्षकमा खर्च नभएको । धेरैजसो विद्यालयले जुन शीर्षकमा लगानी भएको हो त्यसै शीर्षकमा खर्च नगरेको । झण्डै ४० प्रतिशत विद्यालयले अभिभावक सम्मीलित गराई आयव्यय सार्वजनिक गर्ने नगरेको । केही विद्यालयले दोहोरो लेखाप्रणाली नभई एकोहोरो लेखाप्रणाली मार्फत हिसाब राख्ने गरेको । आर्थिक पारदर्शीता कायम गराउन सरकारी निकायबाट अनुगमन सुपरिवेक्षण प्रभावकारी नभएको । धेरै जसो विद्यालयको लेखा व्यवस्थापन प्र.अ. बाट गर्ने गरिएको तर कार्य व्यस्तताका कारण व्यवस्थित हुन नसकेको । वि.व्य.स.का पदाधिकारीहरुलाई आफ्नो जिम्मेवारी वोध पूर्णरुपमा नभएको ।

उल्लेखित प्राप्ती सँगै अध्ययन कर्ताद्वारा निम्न सुझावहरु पेश गरिएको छ । विद्यालयको भौतिक व्यवस्थालाई सुधार गर्न आर्थिक पक्ष सुदृढ हुनुपर्ने । लगानीका स्रोतहरु खोजिनुपर्ने । गरिब पिछडीएका वर्गलाई शुल्क मिनाहा तथा आर्थिक रुपमा सक्षमलाई मात्रै शुल्क लिने व्यवस्था गर्नुपर्ने । गा.वि.स. मार्फत उठने करहरुबाट अधिक हिस्सा विद्यालय सुधारका लागि खर्च गरिनुपर्ने । सरकारको लगानीलाई प्रभावकारी अनुगमन गरिनुपर्ने । विद्यालयको लेखा व्यवस्थापनका लागि तालिमको व्यवस्था गर्नु पर्ने । अभिभावक सम्मीलित कार्यक्रममा विद्यालयको वार्षिक आय व्ययको विवरण प्रस्तुत गरिनुपर्ने । लगानी पारदर्शी वनाउन रसिद काट्ने व्यवस्था हुनुपर्ने । हरेक विद्यालयको त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ । राम्रो वित्तीय व्यवस्था भएका विद्यालयलाई पुरस्कृत गरिनुपर्ने । विद्यालयको आर्थिक कारोबार बैंक खाता मार्फत गाराउनु पर्छ । नेपाल सरकारले विद्यालयहरुलाई आर्थिक रुपमा मजवुत वनाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गराउनु पर्दछ ।

यस शोधपत्रले सार्वजनिक विद्यालयको वित्तीय अवस्था कमजोर भएको, विद्यालयको भौतिक अवस्था लगायत आर्थिक पारदर्शिताका कुराहरुप्रति धेरै प्रश्नहरु उठाएको छ । सरकारी विद्यालयहरु तथा निजि विद्यालयहरुको विचको शैक्षिक गुणस्तरमा भएको फरक पनको मूल कारण नै वित्तीय व्यवस्था कमजोर हुनुलाई अध्ययनले वताएको छ ।

खनाल (२०६४) ले चितवन जिल्लाको रत्ननगर नगरपालिकाका माध्यमिक विद्यालयहरुको वित्त व्यवस्थापनमा समूदायको सहभागितावारे तयार गरिएको छ । यसमा शोधकर्ता खनालले गुणस्तरीय शिक्षाका लागि अभिभावकहरुको वित्त व्यवस्थापनमा सक्रिय सहभागिता हुनुपर्ने भनि विशेष जोड दिएको पाइयो । सामूदायिक विद्यालयहरुलाई व्यवस्थीत वनाउन उक्त विद्यालयबाट गुणस्तरीय शिक्षा प्रदान गरान अर्थ व्यवस्थाको ज्यादै ठूलो महत्व रहेको र उक्त अर्थिक व्यवस्थापनका लागि समूदायमा रहेको स्थानिय सरकार व्यापारी उद्योगपति व्सायीहरु आदिपक्षहरुको सहयोग लिनुपर्ने विषयमा जोड दिएको देखिन्छ ।

मुकुन्दमणी खनालले आफ्नो अध्ययनको मुख्य उद्देश्यहरु उल्लेख गरेको पाइयो : ऐतिहासिक पृष्ठभूमिका आधारमा वर्तमान समुदायको भूमिकाको बारेमा परिक्षण गर्नु । समूदायको प्रमुख योगदानहरु पत्तालगाउनु । समूदाय र विद्यालय विचको प्रभावकारी

सम्बन्धको पहिचान गर्नु । स्थानिय तवरमा विद्यालयहरुको आर्थिक स्थायित्वको उपाय पत्ता लगाउनु ।

मुकुन्दमणी खनालले आफ्नो अध्ययनमा निम्न सुझावहरु औल्याएको पाइन्छ । विद्यालय शिक्षालाई गुणस्तरीय वनाउने राजनीतिक हस्तक्षेप विनाको सामुदायिक सहभागिता बढाउई विद्यालयलाई आर्थिक रुपमा सहयोग गर्ने सम्पूर्ण पक्षहरुलाई स-सम्मान व्यवहार मिलाउने । विद्यालयको कोष विकासका लागि स्थानिय उद्योगपति र व्यवसायीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याई  स्थानिय स्रोत सामग्रीको अधिकतम प्रयोगका लागि लागत आपुरणको सिद्धान्तको उपयोग गर्ने ।

थापा (२०५५) ले आफ्नो P.hd. Thesis मा वित्तका समस्याहरु अनुसार पर्याप्त स्रोत तथा साधनको अभाव तथा प्रशासनिक कार्य अदक्षता, शैक्षिक क्रियाकलापका लागि चाहिने शिक्षण सामग्री अपर्याप्त, भौतिक सुविधा तथा तालिम प्राप्त शिक्षकहरुको अभाव, शिक्षामा भएको लगानीको निरन्तर अनुगमन तथा समय अनुसार मूल्याङ्कन नहुनु, लागत घटाउने रणनीतिको अभाव, नीतिगत निर्णय केन्द्र सरकारबाट मात्र हुने, स्वावलम्बनको अभाव आदि जस्ता कमजोरीहरु शिक्षामा देखिएका वित्तीय कमजोरीहरु हुन् ।

विजयकुमार थापाका अनुसार प्रयाप्त स्रोतको अभाव र प्रशासनिक अदक्षता लाई विद्यालय शिक्षामा लगानी अप्रभावकारी हुनुको मुख्य कारणका रुपमा लिईएको छ ।

सिन्हा (२०६०) ले काठमाण्डौ जिल्ला माध्यमिक विद्यालयहरुको वित्तिय स्थिति र सिकाई उपलब्धि लेखाजोखा गर्ने क्रममा छनोट गरिएका नमूना अध्ययन विधिको वास्तविक स्थितिलाई चित्रण गरेको पाइन्छ । त्यसमा विभिन्न उद्देश्यहरु रहेका थिए जुन निम्न प्रकार छन् ।

नेपालको शैक्षिक लगानीको ऐतिहासिक स्वरुपको लेखाजोखा गर्नु । माध्यमिक विद्यालयको शिक्षण सिकाईमा प्रभावकारीता ल्याउन शैक्षिक लगानीको  भूमिका प्रष्ट पार्नु ।  माध्यमिक तहमा सरकारी लगानीको प्रवृत्तिहरु प्रष्ट पार्नु ।  माध्यमिक तहको वित्तिय समस्याहरु पहिचान गरी निराकरणका उपायहरुको सुझावहरु प्रस्तुत गर्नु ।

माथि उल्लेखित उद्देश्यलाई प्रष्ट पार्ने खालका सन्दर्भ सामग्रीहरुको समिक्षा गरी छनोटमा परेका बाह्रवटा विद्यालयहरुको अध्ययन गरी त्यसमा व्यापक रुपमा छलफल, अन्तरक्रिया, सर्वेक्षण, अवलोकन, प्रश्नावली तथा अन्तरवार्ताद्धारा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने कार्य भएको छ । जसको प्राप्ति र सिफारिसहरु निम्नानुसार रहेका थिए ।

विद्यालयको शिक्षण सिकाई प्रभावकारीता सरकारी वित्तिय नीतिले गहन रुपमा असर पुऱ्याएको छ । शिक्षाका लागि सरकारी खर्च विनियोजनमा वृद्धि गरिनु पर्दछ । सरकारी विद्यालयको वित्तिय स्थिति ह्रासोन्मुख भएकोले शिक्षाको गुणस्तरमा कमी आएको छ । समुदायको सहभागीतामा कमी हुँदा उत्तरदायित्व प्रति सजग छैनन् । नीजि र सार्वजनिक विद्यालयले दिने शिक्षामा ठूलो विभेद देखिन्छ अर्थात् स-शुल्क शिक्षा र निःशुल्क शिक्षामा फरक उपलब्धि देखिन्छ । आर्थिक लगानीका वैकल्पिक सोचहरु हुनुपर्दछ । जस्तै सरकारी क्षेत्र, घरपरिवार, संघसंस्था, समुदाय र अन्य निकायको सहभागीता हुनुपर्दछ ।

प्रस्तुत शोधपत्रमा सार्वजनिक माध्यमिक विद्यालयको दयनिय वित्तिय अवस्थालाई देखाएको छ । सरकारी मा.वि.को वित्तिय अवस्थामा वा लगानीमा सुधार ल्याइएमा शैक्षिक गुणस्तर उच्च हुन सक्ने आशा प्रस्तुत गरिएको छ भने  कक्षा ११ र १२ लाई पनि माध्यमिक विद्यालयको दायरामा ल्याउनु पर्ने सुझाव प्रस्तुत भएको पाइन्छ । जुन अध्ययनले दिएको निश्कर्ष तथा सुझाव माध्यमिक तहका अभिभावक तथा विद्यार्थीले गर्ने लगानीको अध्ययन गर्न मार्ग दर्शन मिलेको

## २.२ अध्ययनको सैद्धान्तिक खाका

रविन्सको “विकेन्द्रीकरण सिद्धान्त” लाई बजेट विकेन्द्रीकरणको सिद्धान्तलाई एकाकार गर्दै यस अध्ययनलाई अगाडी बढाइएको छ । केन्द्रिय सरकारबाट जिम्मेवारी अधिकार र निर्णय लिन सक्ने प्रावधान स्थानीय निकायमा रुपान्तरण गर्ने प्रक्रिया विकेन्द्रीकरण हो । हाम्रो जस्तो अल्पविकसित मुलुकमा सरकारले मात्र आर्थिक व्यवस्थापन गर्न सक्दैन तसर्थ यसका लागि समुदाय, व्यक्ति, समाज सबैले शिक्षामा लगानी गरी शैक्षिक उन्नतीमा टेवा पुऱ्याउनु पर्ने   हुन्छ । शैक्षिक विकेन्द्रिकरणमा शिक्षाका प्राथमिक सरोकार वालाहरुलाई शैक्षिक योजना तर्जुमादेखि कार्यान्वयन र उपयोगसम्म प्रत्यक्ष संलग्न गराई समताका आधारमा समाजका हरेक व्यक्तिलाई शैक्षिक लाभको भागिदार बनाउनु नै शैक्षिक विकेन्द्रिकरणको मूलभूत उद्देश्य हो । विकेन्द्रिकरणको सिद्धान्तमा रहने विकेन्दिकरण प्रजातान्त्रिक विकेन्द्रिकरण र संस्थागत विकेन्द्रिकरणले नीति निर्माण तह देखि कार्यान्वयन तह समम सरोकारवालहरुको व्यापक सहभागिता गराई स्थानिय नेतत्वको कार्य प्रदान गर्दछ । हाम्रो जस्तो अल्प विकसित मूलुकमा सरकारले मात्र आर्थिक निर्माण प्रकृयामा समूदाय, उपभोक्ता, गैर सरकारी संस्था, स्थानिय सरकार आदिको सहभागिताबाट शैक्षिक लगानी

लक्षित समूहमा पुऱ्याउने कार्य सिद्धान्तमा उल्लेख छ । जब व्यक्ति कर्मचारीतन्त्र र राजनीति तन्त्रबाट मुक्त रहन्छ तव सार्वजनिक सेवाले स्थानिय श्रोत र साधनको समुचित उपयोग गरि वैदेशिक निर्भरता घट्ने लगाएत शिक्षाको माध्यमबाट समाजमा आर्थिक स्थायित्व आउने र वित्त व्यवस्थालाई जोड दिने उनको सिद्धान्तमा उल्लेख भएको पाईन्छ ।

शिक्षाका विकेन्द्रित शैक्षिक योजना तथा व्यवस्थापनका केही शर्तहरु छन् । ती हुन् : कार्यमूलक तथा व्यवस्थापनका केही शतहरु छन् । ती हुन् कार्यमूलक तथा व्यवस्थापनका केही पूर्व र्शहरु छन् । ती हुन् : विकेन्द्रिकरण, प्रजातान्त्रिक विकेन्द्रिकरण र संस्थागत विकेन्द्रिकरण उल्लेखित शर्तहरुबाट नीति निर्माण तहदेखि कार्यान्यन तहसम्म सरोकारवालाहरुको व्यापक सहभागिता रहन्छ भन्ने मान्यता राखेको पाइन्छ । शैक्षिक विकेन्द्रिकरणबाट निम्न लिखित उपलब्धिहर हासिल गर्न सकिन्छ ।

शैक्षिक विकेन्द्रिकरणका यिनै उपलब्धिहरुले गर्दा यो नीति अङ्गिकार गर्नु उपयुक्त देखिन्छ । धेरै अनुसन्धानकर्ताहरुको सुझावको मुख्य पक्ष भनेको शिक्षा विकासका लागि विद्यालयहरुमा वित्त व्यवस्थालाई जोड दिएको पाइन्छ । यसै सन्दर्भमा यस शोधकर्ताले पनि निम्नलिखित सान्दर्भिक लेखलाई अध्ययन सामग्रीको रुपमा लिएको छ ।

## २.३ शैक्षणिक उपदेयता

यस अध्ययनमा सिन्धुली जिल्लाका ग्रामिण भेगीय दुई विद्यालय तथा शहरी भेगका दुई विद्यालय गरी जम्मा चार विद्यालयलाई नमूनाको रुपमा लिईएको छ । यस अध्ययनले शोधलाई तार्किक निश्कर्षमा पुऱ्याउन सहयोग गरेको छ । यसले शोधलाई विषयान्तर हुन नदिई उद्देश्य मूलक तथा कार्यमूलक वनाएको छ । यस अध्ययनले सैद्धान्तिक पक्षलाई भन्दा पनि व्यवहारिक पक्षलाई जोड दिएको छ । सैद्धान्तिक विचलन हुनवाट वचाएको छ । यस शोधले प्रस्तुत गरेका सुझावहरुले नीतिगत तहमा नीति निर्माण गर्दा छोड्नै नहुने केही सुझावहरुलाई सुझायको छ भने कार्यान्वयन तहमा उत्पादनको आधारमा लगानीकर्ताले लगानी गर्नुपर्ने मुख्य कुरालाई पनि सुझायको छ । यस शोधपत्रलाई विद्यालय शिक्षामा सरकारी लगानीको प्रभावकारीता हेर्ने शैक्षणिक प्रयोग हेर्ने नमूनाको रुपमा लिन सकिने छ ।

# परिच्छेद : तीन

## अध्ययन विधि

### ३.१ अध्ययन विधिको ढाँचा

कुनै पनि विषयको अध्ययनको उद्देश्य पूरा गर्नको लागि अपनाइएका तौर तरिकाहरु र कार्यहरु अध्ययन विधिसँग सम्बन्धित छन् । जस्तै अध्ययन विषयको छनौट त्यससँग सम्बन्धित साहित्यको विश्लेषण तथ्याङ्कहरुको संकलन तथा प्रस्तुतिकरण कार्य सवै अध्ययन विधिसँग सम्बन्धित छन् । यो अध्ययन प्रमुख रुपमा प्राथमिक तथा द्वितीय तथ्याङ्कको संकलनको आधारमा गरिएको छ । गुणात्मक तथा संख्यात्मक दुवै लाई मिश्रीत गरी मिश्रीत ढाँचामा यो अध्ययन  गरिएको छ । यो अध्ययन सिन्धुली जिल्लाको ग्रामिण क्षेत्रका दुई वटा विद्यालय तथा शहरी क्षेत्रका दुईवटा विद्यालयको सम्पूर्ण वस्तुस्थितिलाई केलाएर गरिएको छ । साथै उक्त विद्यालयका प्र.अ हरु सँग प्रत्यक्ष अन्तवार्ता तथा लिखित प्रश्नावली भराई शोध अध्ययन गरिएको छ । अध्ययनको क्रममा जिल्ला शिक्षा कार्यलय सिन्धुली, शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा  राष्ट्रिय योजना आयेगबाट उपलब्ध हुने विभिन्न सहयोग लिईएको छ ।

### ३.२ जनसंख्या र नमूना छनौट

जनसंख्या भन्नाले चारवटा श्रोत केन्द्र  अर्न्तगतका १२० वटा विद्यालय मध्य चारवटा विद्यलयको अध्ययन गर्ने  क्रममा प्रयोग हुने जनसंख्यालाई बुझिन्छ । यो अध्ययन सिन्धुली जिल्लाका ग्रामीण भेगीय दुई विद्यालय तथा शहरी भेगीय दुई वटा विद्यालय गरी जम्मा चारवटा विद्यालयहरुलाई उद्देश्य मुलक अर्न्तगत नमूनाको रुपमा लिइएको छ । छनौट गरिएका विद्यालयहरु र जनसंख्या विवरण अनुसूची ७ मा राखिएको छ ।

### ३.३ अध्ययन  विधि तथा साधनहरु

कुनै पनि कुराको खोज तथा अनुसन्धानको क्रममा विभिन्न साहित्यको अध्ययन, अवलोकन, छलफल, प्रश्नावली आदिको माध्यमबाट अगाडि बढ्नु पर्ने भएकोले यस अध्ययनमा पनि विभिन्न अध्ययन सामग्रीको प्रयोग गरिएको छ । यसका लागि निम्न लिखित स्रोतबाट तथ्याङ्क संकलन गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

### क. प्राथमिक स्रोत

प्राथमिक स्रोतका रुपमा विभिन्न पाँच किसिमका प्रश्नावली तयार गरी सम्बन्धित व्यक्तिलाई भराइएको छ भने शोधकर्ता आँफैले घुमफिर तथा अवलोकन गरी प्राप्त

सुझावहरु अगाडि ल्याएको छु । आवश्यकता अनुसार छलफल तथा अन्तरवार्ताको समेत प्रशस्त प्रयोग गरी अनुसन्धानलाई पूर्ण गर्ने काम गरिएको छ ।

**ख. द्वितीय स्रोत**

द्वितीय स्रोतका रुपमा विभिन्न साहित्यको अध्ययन, पूर्वशोध, विभिन्न समयमा प्रकाशन भएका शैक्षिक बुलेटिनहरु, शैक्षिक समाचारहरु, सम्बन्धित पत्रपत्रिका तथा विद्यालय प्रशासनबाट उपलब्ध सामग्रीहरुको प्रयोग गरिएको छ ।

**३.४ तथ्याङ्क संकलन प्रक्रिया**

यस शोध अध्ययनका क्रममा विद्यालयमा गई प्राथमिक तथ्याङ्क लिइएको छ । विद्यालयको वित्तीय अवस्था र प्रभावकारीता बारे बुझ्ने क्रममा विद्यालयका प्रधानाध्यापकहरु तथा सम्बन्धित विद्यालयका कम्तीका एक एक जना अभिभावकहरुलाई भेटी अन्तर्वार्ताको माध्यमबाट विवरण लिने काम भएको छ । विभिन्न विद्वान्हरुका लेख रचनाहरु, शिक्षामा गरिएका लगानी सम्बन्धी अध्ययनहरु, सिन्धुली जिल्ला शिक्षा कार्यालयबाट प्रकाशित हुने शैक्षिक मञ्जरी आदिलाई द्वितीय तथ्याङ्कको रुपमा लिई अध्ययनलाई पूर्णता दिइएको छ ।

**३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया**

संकलन गरिएका तथ्याङ्कलाई आफैले प्रशोधन तथा छनोट गरी तथ्याङ्क शास्त्रीय विधि अन्तर्गत प्रतिशत, तालिका तथा विभिन्न पाइचार्ट द्वारा विश्लेषण गरिएको छ । यस अध्ययन कार्य सम्पन्न गर्न आवश्यक पर्ने तथ्याङ्कको संकलन गर्न मुख्य रुपमा भराइएका प्रश्नावलीहरुलाई प्राथमिक स्रोत मानिएको छ भने आर्थिक विवरण साथै आवश्यक पर्ने अन्य पक्षहरु विद्यालयबाट उपलब्ध गराइएको छ । आवश्यकता अनुसार छलफल, अन्तरक्रिया तथा अन्तवार्ताका माध्यमबाट समेत तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ । सहायक स्रोत अन्तरगत शैक्षिक लेख, रचनाहरु, विभिन्न लेखकहरुका पुस्तकहरु तथा विभिन्न पुस्तकालयबाट प्राप्त विषय वस्तुलाई प्रयोग गरिएको छ । पूर्व शोधपत्रहरु तथा विभिन्न विद्वानहरुका पुस्तकहरु, लेखरचनाहरुको सहायताबाट व्याख्या विश्लेषण प्रक्रिया पुरा गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

कुनै पनि विषयवस्तु अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरुको संकलन कार्य गरिसकेपछि त्यसको विश्लेषण गरी नतिजा प्राप्त गर्नु अर्को महत्वपूर्ण कार्य हो । यस 'विद्यालय शिक्षामा भएको लगानी विषयक अध्ययन कार्यमा अध्ययनकर्ताले विभिन्न प्रश्नावलीहरु तयार गरी त्यसबाट प्राप्त विभिन्न जवाफ र अन्य द्वितीय स्रोतका तथ्याङ्कका आधारमा तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण निम्नलिखित छन् ।

### ४.१ विद्यालयमा भएको लगानी शीर्षकहरुको विश्लेषण

विद्यालयमा लगानी भन्नाले देश, समाज, व्यक्तिले रुपैँया पैसा तथा अन्य स्रोतहरुका रुपमा शैक्षिक सेवा र कार्यक्रमहरुको लागि योजनाबद्ध तरिकाले गरिने खर्चलाई जनाइन्छ । विद्यालयमा हुने लगानीहरुलाई विभिन्न शीर्षक तथा उपशीर्षकमा छुट्टयाउन सकिन्छ । यसरी छुट्याइएका शर्षकहरु तथा त्यसको विश्लेषण निम्नानुसार दिइएको छ ।

#### क.सरकारी अनुदान

विद्यालयका लागि नेपाल सरकारले विविध शीर्षकमा खर्च गर्नका लागि फिर्ता गर्नु नपर्ने गरी दिएको सहयोग नै सरकारी अनुदान हो । प्राथमिक तथा माध्यमिक विद्यालयहरुमा नेपाल सरकारले शिक्षकको तलब भत्ता, प्रशासनिक खर्च, दलित छात्रवृत्ति, विपन्न तथा लक्षित छात्रवृत्ति मसलन्द खर्च तथा भौतिक व्यवस्थापन सुधार गर्नका लागि अनुदान उपलब्ध गराउने गर्दछ । यसको अनुधानमा लागत सहभागिताको आधारमा गरिने व्यवस्था समेत छ ।

#### ख.बैंक व्याज

बैंक व्याज अन्तर्गत बैंकको मुद्दती वा वचत खातामा राखिएको रकमको व्याज पर्दछ । यो रकम जुन विद्यालयहरुले मुद्दती वा खातामा रकम जम्मा गरेका हुन्छन् तिनीहरुले मात्र बैंक व्याज वापतको लगानी गर्दछन् ।

#### ग. जग्गाको कुत

यसमा विद्यालयको नाममा रहेको खेतीयोग्य जमिन प्रयोग गरेवापत वा घर भवन कोठा, सटर आदि प्रयोग गरेवापत प्राप्त हुने भाडा आदिलाई जग्गाको कुत भनिन्छ ।

**घ.परीक्षा शुल्क र नयाँ भर्ना शुल्क**

प्राथमिक शिक्षामा सरकारले पूर्णरुपमा निःशुल्क भनिएता पनि विद्यालयले विभिन्न किसिमका शुल्कहरु उठाउने गरेको पाइन्छ भने मा.वि. तहमा शुल्क समेत लिएको पाइयो जुन विद्यालयको लगानीको स्रोतको रुपमा हुन्छ ।

**ङ.चन्दा**

विद्यालयहरुमा भवन निर्माण, फर्निचर निर्माण तथा नयाँ विद्यालय स्थापनाका लागि विद्यालयले अभिभावक, वुद्धिजिवी, धनीमानी, व्यवसायी आदिसँग फिर्ता नगर्ने गरी उठाएको सहयोग रकमलाई चन्दावापतको लगानी भनि बुझिन्छ । यस किसिमको सहयोग पाउने विद्यालयहरु पनि केही पाइयो ।

**च.स्थानीय निकायका अनुदानहरु**

जिल्लामा रहेका जि.वि.स. तथा गा.वि.स. साथै सभासदहरुबाट प्राप्त रकमलाई स्थानीय सरकारका अनुदानहरु अन्तर्गत बुझिन्छ । यस्ता रकमहरु विद्यालयको छाना निर्माण, विद्यालय दैवीप्रकोप आदिमा परेका बेला र गुणस्तर सुधार गर्न भनी स्थानीय रुपमा उपलब्ध गराउँछन् ।

**छ.स्थानिय स्रोत**


स्थानीय सामुदायिक वनहरु स्थानीय रुपमा खुलेका विभिन्न समूहहरु, अन्य विविध सहकारी संस्थाहरुले विद्यालयलाई उपलब्ध गराउने रकम यस शीर्षक अन्तर्गत पर्दछ ।

नमूना छनोटमा परेका विद्यालयहरुको आ.व. २०६८/०६९ मा भएको लगानी विवरण निम्नानुसार उल्लेख गरिन्छ ।

यस विद्यालयमा हुने मुख्य लगानीसरकारी अनुदानबाट प्राप्त रकम जसमध्ये तलब भत्ताका लागि जि.शि.का. बाट ६७.५० प्रतिशत अनुदानबाट प्राप्त भएको छ । विद्यार्थी छात्रवृत्ति वापत १.१४ प्रतिशत रकम प्राप्त भएको छ । निर्माण वापत १५.४८ प्रतिशत तथा

विद्यालयले आफ्नै स्रोतबाट १५.८८ प्रतिशत रकम आम्दानी गरी लगानी गरेको देखिन्छ । माथिको तालिकालाई निम्न पाईचार्टमा देखाउन सकिन्छ ।


**पाईचार्ट १**




**विद्यालयमा भएको लगानी विवरण**

श्री चन्द्रावती उच्च मा.वि.को मुख्य लगानी शिक्षक तलब भत्ता वापत ७१.४३ प्रतिशत रकम सरकारी अनुदान बाट प्राप्त भएको छ । विद्यार्थी छात्रवृत्ति वापत केवल ०.८८ प्रतिशत रकम प्राप्त भएको छ भने निर्माण वापत करिब ११ प्रतिशत रकम र बाँकी १६.७० प्रतिशत रकम विद्यालयले आफ्नै स्रोत जस्तै भर्ना शुल्क, परीक्षा शुल्क, मर्मत संभार जस्ता विविध शुल्कबाट प्राप्त गरेको देखिन्छ । यस तालिकालाई निम्न पाइचार्टबाट पनि देखाउन सकिन्छ ।

**पाईचार्ट २**





**विद्यालयमा भएको लगानी विवरण**

यस विद्यालयको लगानीको मुख्य स्रोत सरकारी अनुदानबाट प्राप्त हुने रकम नै हो जुन ७५.४० प्रतिशत देखिन्छ । त्यसैगरी निर्माण वापत ६.३४ प्रतिशत, विद्यालयको स्रोत अन्तर्गत भर्ना, परीक्षा आदिबाट हुन आउने लगानी ५.५५ प्रतिशत, चन्दा सहायता अन्तर्गत

७.१४ प्रतिशत, यसैगरी अनुदानबाट ४.३७ प्रतिशत रकम प्राप्त गरी लगानी भएको देखिन्छ । यस तालिकालाई निम्न पाइचार्टमा देखाउन सकिन्छ ।


## पाइचार्ट ३




**विद्यालयमा भएको लगानी विवरण**

माथिको तालिका अनुसार यस मा.वि.मा भएको सरकारी लगानी ७८.५८ प्रतिशत, छात्रवृत्ति १.४२ प्रतिशत, भर्ना र परीक्षा १० प्रतिशत देखिन्छ । यसैगरी बैंक व्याज तथा चन्दा रकम २.८५ प्रतिशत, गा.वि.स. बाट प्राप्त हुने अनुदान २.८५ प्रतिशत र भौतिक निर्माण वापत प्राप्त हुने ४.३० प्रतिशत रकम लगानी भएको देखिन्छ । यस लगानी तालिकालाई निम्न पाईचार्टमा देखाउन सकिन्छ ।

## पाईचाट ४




**विद्यालयमा भएको लगानी**

### ४.२ खर्च शीर्षकहरुको सूची

शिक्षक तथा कर्मचारी तलव भत्ता, छात्रवृत्ति खर्च, स्टेशनरी खर्च, पाठ्यपुस्तक खर्च, प्रशासनिक खर्च, निर्माण तथा मर्मत संभार, अतिरिक्त क्रियाकलाप, मसलन्द खर्च, परीक्षा सञ्चालन ।

### ४.३ खर्चको विश्लेषण

विद्यालयहरु सञ्चालनका क्रममा हुने सम्पूर्ण खर्चहरु जस्तै तलव भत्ता, छात्रवृत्ति, निर्माण, स्टेशनरी, पाठ्यपुस्तक, प्रशासकिय खर्च, अतिरिक्त क्रियाकलाप, मशलन्द वापत तथा अन्य खर्चहरुको विश्लेषण निम्नानुसार छ ।

**क. शिक्षक तथा कर्मचारी तलव भत्ता**

प्राथमिक तथा माध्यमिक विद्यालयका विभिन्न तहमा अस्थायी, स्थायी, राहत, निजी स्रोतमा कार्यरत शिक्षक तथा कर्मचारीको पारिश्रमिकलाई शिक्षक तथा कर्मचारी तलव भत्ता रकम अन्तर्गत लिइन्छ । तलव भत्ता शीर्षक अन्तर्गत कुल खर्चको ७० देखि ८० प्रतिशत रकम खर्च हुने गरेको देखिन्छ ।

**ख. छात्रवृत्ति**

जिल्ला शिक्षा कार्यालयको अनुदानका आधारमा दलित, जेहेन्दार, अपाङ्ग छात्र छात्रालाई प्रदान गरिने छात्रवृत्ति यस अन्तर्गत पर्दछन् ।

**ग. स्टेशनरी**

यस अन्तर्गत विद्यालयमा दैनिक रुपमा प्रयोग हुने पत्रपत्रिका, कलम, मसी, चक, डस्टर तथा खेलकुदका सामग्री समेत पर्दछन् । विद्यालयले यी सबै खर्चहरुलाई स्टेशनरी शीर्षक अन्तर्गत राख्ने गर्दछ ।

**घ. पाठ्यपुस्तक खर्च**

पाठ्यपुस्तक खर्च शीर्षक अन्तर्गत सन्दर्भ पुस्तक, लाइब्रेरीमा प्रयोगका लागि किनिने पुस्तक साथै विद्यालयमा प्रयोग हुने अन्य पाठ्यपुस्तक पर्दछन् ।

**ङ. प्रशासनिक खर्च**

विद्यालयको दैनिक तथा नियमित प्रशासनिक कार्य जस्तै विद्यालयको काम काजमा जाँदा वा हुने खर्च, अतिथी सत्कार आदिलाई यस शीर्षक अन्तर्गत राख्ने गरिन्छ ।

**च. निर्माण तथा मर्मत सम्भार**

विद्यालयको भौतिक संरचना निर्माण जस्तै भवन, फर्निचर आदि तथा मर्मत कार्यमा हुने खर्चलाई निर्माण तथा मर्मत सम्भार खर्च भनिन्छ ।

**छ. अतिरिक्त क्रियाकलाप**

विद्यालयमा नियमित रुपमा भइरहने खेलकुद, अन्य शैक्षिक प्रतियोगितात्मक कार्यक्रम गराउँदा अथवा प्रतियोगितामा भाग लिन जाँदा हुने खर्चहरुलाई अतिरिक्त क्रियाकलाप शीर्षक अन्तर्गत राखिन्छ ।

**ज. मसलन्द खर्च**

मसलन्द खर्च अन्तर्गत साना मसिना शीर्षक छुट्याउन झन्झट हुने खालका कुराहरु जस्तै कहिलेकाहीँ किला, गम, चिया, खाजा जस्ता कुराहरुलाई देखाइन्छ ।

**झ. परीक्षा सञ्चालन**

कुनै पनि विद्यालयमा पठनपाठन अतिरिक्त विद्यार्थीहरुको मूल्याङ्कनका लागि विभिन्न किसिमका परीक्षाहरु सञ्चालन गर्नुपर्ने हुन्छ । ती परीक्षा सञ्चालन गर्दा हुने खर्चलाई परीक्षा सञ्चालन खर्च शीर्षक अन्तर्गत राख्ने गरिन्छ ।

**ञ. विविध**

माथि उल्लेख गरिएका शीर्षकमा नपर्ने खर्चहरु सबैलाई विविध खर्च शीर्षक बनाएर हिसाब किताब तयार पार्ने गरिन्छ ।

नेपालको विद्यालय शिक्षामा सरकारी लगानीको स्थितिलाई केलाउँदा अधिकांश बजेट विद्यालयका शिक्षकहरुको तलव भत्तामा भएको देखिन्छ जसले गर्दा भौतिक साधन तथा अन्य शैक्षिक गतिविधिहरुमा लगानी प्रभावकारी नभएको देखिन्छ । सरकारले आ.व. २०६८/०६९ का लागि भौतिक सुविधा विस्तार कार्यक्रम अन्तर्गत निर्माण सम्बन्धी देशका ७५ वटै जिल्लाहरुमा आवश्यकता तथा प्राथमिकताका आधारमा छनोट गरी केही विद्यालयलाई भौतिक निर्माण शीर्षक अन्तर्गत रकम विनियोजन गरेको छ । सिन्धुलीजिल्लाका लागि भौतिक सुविधा विस्तार कार्यक्रम निम्नानुसार राखिएको छ ।

**तालिका नं. ८**

**विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६८/०६९**

**जिल्ला सिन्धुली**

**भौतिक सुविधा विस्तार कार्यक्रम**

| नयाँ कक्षाकोठा निर्माण समुदायद्वारा व्यवस्थापन भएका विद्यालय समेत (प्रति कक्षाकोठा रु. ३ लाख २५ हजारका दरले) | | विद्यालय भवन निर्माण | | विद्यालय भवन निर्माण आ.व. २०६७/०६८ को बाँकि रकम भुक्तानी (रु. १४ लाखका दरले) | |
|---|---|---|---|---|---|
| कोटा | बजेट | कोटा | बजेट | कोटा | बजेट |
| ४० | १३०००००० | २० | २०००००००० | ४ | ५६०००००० |

| कक्षा कोठा वा विद्यालय पुनःस्थापना रु. १ लाखका दरले | | विद्यालयहरुको बाहिरी वातावरण सुधार रु. २ लाखका दरले | | छात्रा शौचालय निर्माण रु. २ लाखका दरले | |
|---|---|---|---|---|---|
| कोटा | बजेट | कोटा | बजेट | कोटा | बजेट |
| ७४ | ७४००००० | ६० | १२०००००० | ६० | १२०००००० |

स्रोत : शैक्षिक समाचार शिक्षा विभाग २०६८/०६९

माथिको तालिकाबाट विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६८/०६९ अन्तर्गत सरकारको भौतिक सुविधा विस्तार कार्यक्रममा सिन्धुली जिल्लाको वाँडफाँडलाई देखाइएको छ । यस कार्यक्रममा नयाँ कक्षा कोठा थपका लागि प्रतिकक्षा रु. ३ लाख २५ हजारका दरले रकम उपलब्ध गराइएको छ । यो सुविधा सिन्धुली जिल्लाका ४० विद्यालयलाई उपलब्ध गराइएको छ  भवन निर्माण वापत प्रति भवन रु. १० लाखका दरले सिन्धुलीका २० विद्यालयलाई रकम उपलब्ध गराइएको छ । भवन निर्माण शीषक अन्तर्गत नै अघिल्लो वर्षको बाँकि रकम जिल्लाका ४विद्यालयलाई बाँडिएको छ । कक्षा कोठा तथा विद्यालय पुनस्थापना कार्यक्रम अन्तर्गत रु. १ लाखका दरले जिल्लाका ७४वटा विद्यालयलाई रकम उपलब्ध गराइएको छ । विद्यालयको बाहिरी वातावरण सुधारका लागि रु. २ लाखका दरले जिल्लाका ६०विद्यालयलाई रकम बाँडिएको छ र छात्रा शौचालय निर्माण वापत प्रति विद्यालय रु. २ लाखका दरले जिल्लाका ६० विद्यालयलाई यो रकम उपलब्ध गराइएको छ ।

नेपाल सरकार विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६८/०६९ (सिन्धुली) को लक्ष अनुसार पुंजिगत खर्च रु. ७०००००००० रहेको छ । यो वजेटलाई निम्न शीर्षक अन्तर्गत छुट्याइएको छ

भौतिक सुविधा विस्तार, प्रारम्भिक बाल विकास, विद्यालय शिक्षामा पहुँचको सुनिश्चितता, साक्षरता तथा निरन्तर शिक्षा, शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक शिक्षा तथा विकास, क्षमता अभिवृद्धि, विद्यालय व्यवस्थापन तथा अनुगमन, प्रोत्साहन तथा सहयोग, विद्यालयलाई अनुदान सहयोगका कार्यक्रमहरु चलाउनका लागि ।

यसरी माथिको विवरणबाट विद्यालय क्षेत्र सुधारका लागि सरकारले विभिन्न क्षेत्रको पहिचान गरी क्षेत्र शीर्षक समेत किटान गरेर लगानी प्रयास गरेको देखिन्छ तर यो लगानीको कार्यान्वयन पक्ष अथवा मूल्याङ्कन भने हेर्न बाँकि नै छ । कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकारले २००९-२०१५ विद्यालय क्षेत्र सुधार योजना वित्त संयत्र तयार पारेको छ ।

विद्यालय क्षेत्र सुधार योजना वित्त संयत्र ले वजेटको बाँडफाँडलाई सरल तथा केन्द्रबाट क्षेत्र, अञ्चल, जिल्ला हुँदै गाउँ तथा स्थानीय स्तरसम्म पुग्ने व्यवस्था, यो प्रणाली सँगै हुने कठिनाई तथा चुहावट र भ्रष्टचारका सम्भावनाहरुलाई कम गरी छिटो छरितो साथै कार्यान्वयन पक्षलाई पारदर्शी बनाउन मदत पुऱ्याएको छ । क्षेत्रगगत सुधार योजनाका विशेषताहरुलाई निम्नानुसार देखाउन सकिन्छ ।

वजेटको बाँडफाँड जनसंख्याका आधारमा केन्द्र सरकारबाट सिधै स्थानीय स्तरमा पुऱ्याइने । स्थानीय सरकारले स्थानीय स्रोत र साधनहरुको पूर्ण उपयोग गर्ने । स्थानीय सरकारले स्थानीय विद्यालय तथा अरु शैक्षिक संघ संस्थाहरुलाई समेत सहयोग पुऱ्याउने छ ।

केन्द्र सरकारबाट उपलब्ध हुने वजेट सिधै गाउँ वा नगरपालिका तहमा पुग्ने छ र गाउँ वा नगरपालिकाले शिक्षा प्रदायक विद्यालय वा अन्य शिक्षण संस्थालाई उपलब्ध गराउने छ । रकम उपलब्ध गराउँदा केन्द्र सरकारले केही आधारहरु तोक्नेछ । स्थानीय सरकारले आन्तरिक स्रोत र साधनहरुको पहिचान तथा सदुपयोग गर्नेछ । स्थानीय तहबाट तयार पारिएको विद्यालय सुधार योजनाका आधारमा विद्यालयले वजेट प्राप्त गर्नेछ ।

## ४.४ विद्यालयीय शिक्षामा भैरहेका आर्थिक लगानीको प्रभावकारीताको मूल्याङ्कन

विद्यालयको शैक्षिक विकास तथा शिक्षा सम्बन्धि नियमित क्रियाकलाप सञ्चालनका लागि रुपैंया पैसाको माध्यमबाट गरिने लगानी नै आर्थिक लगानी हो । आर्थिक रुपमा गरिएको लगानी के कति प्रभावकारी छ भने हेर्नका लागि विभिन्न लगानी शिर्षकहरुलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

**क. तलव भत्ता**

विद्यालय शिक्षामा सरकारी अनुदानबाट प्राप्त हुने रकमको झण्डै ८०% रकम तलव भत्तामा खर्च भएको देखिन्छ । स्थायि, अस्थायी तथा राहत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको पारिश्रमिक वापत सरकारले सम्पूर्ण रकम उपलब्ध गराउँदै आएको छ । साथै समयानुकुल पारिश्रमिक तथा तलव भत्तालाई बढाउँदै लगेको पनि पाइन्छ । यसरी दिइने तलव भत्ताबाट शिक्षक कर्मचारीको रोजीरोटी र दैनिक गुजारा चलिरहेपनि हाल उपलब्ध तलव भत्ता अपुग नै रहेको कुरा विभिन्न गुनासो तथा वेलाबखत हुने हड्ताल, धर्ना, जुलुस जस्ता कार्यक्रममा सहभागी हुनुले पुष्टि गर्दछ ।

**ख. छात्रवृत्ति**

विद्यालय शिक्षामा गरिब तथा जेहेन्दार, अशक्त, अपाङ्ग, दलित, सहिद परिवार आदि विदामा प्रदान गरिने निःशुल्क वृत्तिलाई छात्रवृत्ति भनिन्छ । यस किसिमको छात्रवृत्ति पूर्ण तथा आंशिक रुपमा वितरण भएको पाइयो । कहिलेकाँही गलत शिफारिस भई वास्तविक छात्रवृत्ति प्राप्त कर्ता वन्चित समेत भएको पाइयो । प्राप्त छात्रवृत्ति रकम सन्तोषप्रद नभएको पाइयो ।

**ग. निमार्ण तथा मर्मत संभार**

निर्माण तथा मर्मत संभार शीर्षक अन्तर्गत भवन निर्माण, कक्षाकोठा थप गर्ने मर्मतकार्य आदि पर्दछन् । यसमा केही बजेट खर्च हुने गरेको भए पनि नपुग नै देखिन्छ । सरकारले भौतिक सुविधा विस्तार कार्यक्रम अन्तर्गत नेपालको ७५ वटै जिल्लामा कार्यक्रम चलाए पनि सबै विद्यालयहरुले नपाएको पाइन्छ । जसले गर्दा केही विद्यालयहरुले निर्माण तथा मर्मत संभारको अभावले भने समस्या झेल्न परेको पाइयो ।

**घ. अतिरिक्त क्रियाकलाप**

अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुद तथा अन्य शैक्षिक गतिविधिहरु पर्दछन् । यस शिर्षकमा भएको लगानी अत्यन्तै न्यून रहेको पाइयो । सरकारले अतिरिक्त क्रियाकलाप शीर्षकमा भएको लगानी अत्यन्तै निम्न रहेको पाइयो । सरकारले अतिरिक्त क्रियाकलाप शिर्षकमा कुनै बजेट छुट्याएर नदिएको पाइयो ।

**ङ. प्रशासनिक खर्च**

यस शीर्षक अन्तर्गत विद्यालयका दैनिक प्रशासन चलाउनका लागि आवश्यक खर्च पर्दछन् । प्रायजसो विद्यालयहरुले प्रशासनिक खर्च विद्यालयको आन्तरिक आम्दानिका स्रोतबाट चलाउने गरेको पाइयो । सरकारले उपलब्ध गराउने यस्तो रकम अत्यन्त न्यून भएको पाइयो ।

**च. पाठ्यपुस्तक**

पाठ्यपुस्तक विद्यालयको हतियार जस्तै हो भन्दा हुन्छ । पाठ्यपुस्तक विना विद्यालय चल्न सक्दैन । यसमा सन्दर्भ पुस्तक तथा कोर्ष बुक तथा आदिमा विद्यालयले खर्च गर्नु पर्दछ । यसका लागि विद्यालयहरुले जेनतेन चलाउँदै आएपनि लाईब्रेरी व्यवस्थापन गर्न सबै विद्यालयले सकिरहेको अवस्था देखिदैन । यसका लागि अन्य बाह्य दाताहरुको खोजी भैरहेको पाइयो ।

**छ. परीक्षा**

प्रत्येक विद्यालयले बेला बेलामा लिने परीक्षा जस्तै त्रैमासिक, अर्धबार्षिक, बार्षिक परीक्षामा केही खर्च हुने गर्दछ । प्रश्नपत्र छपाई, कागज, मसी, परीक्षा सञ्चालन खर्च, विद्यालयले विद्यार्थीहरुबाट असुल उपर गरी चलाउँदै आएको   पाइयो ।

**ज. स्टेशनरी खर्च तथा विविध खर्च**

यसमा दैनिक प्रयोगका चक, डस्टर, पत्रपत्रिका, मसी, कागज, साथै सामान्य चिया पानी व्यवस्थापन जस्ता थुप्रै खर्चहरु पर्दछन् । यसका लागि सरकारले दिने रकम साह्रै न्यून भएको पाइयो भने विद्यालयले यस्ता खर्च मुश्किलले धान्ने गरेको पाइयो ।

**४.५ विद्यालयीय शिक्षाको लगानीमा देखिएका समस्याहरु तथा समाधानका उपायहरु**

लगानी भन्नाले विभिन्न क्रियाकलापको कार्यान्वयनको चरणमा हुने खर्च भन्ने बुझिन्छ  विद्यालय शिक्षामा हुने लगानी पनि विभिन्न किसिमले वर्गीकरण गर्न सकिन्छ । जस्तै भौतिक लगानी तथा आर्थिक लगानी । यी लगानीको क्रममा देखिएका समस्या तथा समाधानका उपायहरु निम्नानुसार छन् ।

**४.५.१ भौतिक लगानी**

विद्यालयीय शिक्षामा भौतिक लगानी भन्नाले भवन, कक्षाकोठा, खेलमैदान, फर्निचर, खेलसामग्री, शैक्षिक सामग्री जस्ता महत्वपूर्ण कुराहरु पर्दछन् । विद्यालयमा हाल देखिएका महत्वपूर्ण समस्याका रुपमा भौतिक कुराहरु नै बढी पाइयो ।

भवन बालमैत्रि तथा सुरक्षित किसिमले नबनाइनु । प्रयाप्त खेलमैदानको अभाव । खेलसामग्री तथा शैक्षिक सामग्री प्रयाप्त नहुनु । फर्निचरको राम्रो प्रबन्ध नहुनु । समयानुसार कम्प्यूटर आदिको प्रबन्ध नहुनु । पिउने पानी तथा सफा चर्पीको अभाव ।

**४.५.२ आर्थिक लगानी**

आर्थिक लगानी भन्नाले भौतिक पक्षलाई सुदृढ र प्रभावकारी बनाउनका लागि गरिने लगानीलाई बुझिन्छ । यस्तो लगानी खास गरी केन्द्रतहबाट तथा स्थानिय तहबाट गरी दुई किसिमले हुने गर्दछ ।

सरकारी अनुदानमा कमी । दातृनिकायबाट प्राप्त हुने रकमको अपारदर्शिता । दानदातव्यबाट प्राप्त हुने रकमको अनिश्चितता । स्थानिय निकायबाट गरिने लगानीको कमी । आन्तरिक स्रोत परिचालनमा कमी ।

माथि उल्लेखित लगानी तथा लगानीमा देखिएका समस्याहरु समाधानका लागि निम्न सुझावहरु सुझाइएको छ । विद्यालय भवन बनाउँदा सुरक्षित, भुकम्प प्रतिरोधात्मक तथा बालमैत्रि बनाउनु पर्दछ । खेलमैदान प्रयाप्त, बालमैत्रि तथा सुरक्षित किसिमको हुनुपर्दछ । फर्निचर, बालमैत्रि तथा प्रयाप्त हुनुपर्दछ । प्रयाप्त शैक्षिक सामग्रीको व्यवस्थापन गरिनुपर्दछ । चर्पी तथा पीउने पानीको उचित बन्दोबस्त गरिनुपर्दछ । सरकारी अनुदान तथा दातृनिकायले गर्ने लगानीलाई बढाई हरहिसाव पारदर्शि बनाइनु पर्दछ । स्थानिय निकायबाट हुने लगानीलाई बढाइनु पर्दछ । विद्यालयको नियमित आम्दानिका लागि आन्तरिक स्रोतको खोजी गरिनु पर्दछ ।

यी आधारहरु निर्धारण भए पश्चात् सरकारको शिक्षामा भएको लगानी प्रभावकारीतामा उल्लेख्य सुधार हुने देखिएको छ तर कार्यान्वयन पक्षमा हुने कमजोरी राजनैतिक अस्थीरता, स्थानीय स्तरमा भएका चेतनाको कमी, जनसहभागिता मूलक कार्यक्रमहरुको कमी, लेखाप्रणाली व्यवस्थित र वैज्ञानिक बन्न नसकेको जस्ता थुप्रै चुनौतीहरु कार्यान्वयन पक्षमा विद्यमान देखिन्छन्।

# परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ प्राप्ति

विद्यालय शिक्षामा भएको लगानी र प्रभावकारीता सम्बन्धी अध्ययन कार्य शोधकर्ता आफैं संलग्न भइ शोधकार्य पूरा गरिएको हो । अध्ययनका क्रममा अध्ययनलाई नमुना छनोट विधि अनुसार सिन्धुली जिल्लाका ग्रामीण भेगीय दुईवटा विद्यालय तथा सहरी क्षेत्रका दुईवटा विद्यालय गरी जम्मा चारवटा श्रोत केन्द्रका चारवटा विद्यालयलाई नमुनाका रुपमा लिइएको छ । उक्त विद्यालयका प्र.अ., लेखापाल वि.व्य. अध्यक्ष शिक्षकहरुलाई आवश्यकता अनुसारका प्रश्नावली बनाइ शोधकार्य सम्पन्न गरिएको छ । साथै अध्ययनका श्रेस्ताहरु प्रत्यक्ष विद्यालयमा उपस्थित भइ अध्ययन गरियो भने प्रश्नावली बाहेक अन्य सवालहरुका सम्बन्धमा प्रत्यक्ष अन्तर्वार्ताद्वारा विषयलाई सहयोग पु¥याउने खालका वास्तविक तथ्यहरु पहिचान गरिएको छ । अध्ययनको क्रममा प्राप्त तथ्याङ्कहरुलाई तालिकीकरण तथा पाइचार्टद्वारा प्रस्ट पार्दै अध्ययन कार्यमा विद्यालयसँग सम्बन्धित सरोकारवालाहरुलाई समावेश गरिएको हुनाले अध्ययनबाट प्राप्त नतिजाहरु वास्तविक छन् भन्ने विश्वास गर्दछु । यस अध्ययनका प्राप्तिहरु निम्नअनुसार उल्लेख गरिएको छ :

विद्यालयमा निम्नानुसारका लगानीका शीर्षकहरु पाइयो ।विद्यालयमा सरकारी अनुदान, बैंक व्याज, शुल्कहरु, चन्दा र दानदातव्यहरु, केन्द्रीय तथा स्थानीय निकायहरुबाट दिइने सहयोग, जग्गा तथा घरभाडा वापत प्राप्त रकमहरु । विद्यालयमा हुने खर्च शीर्षकहरु निम्नानुसार पाइयो ।विद्यालयमा शिक्षक तलव भत्ता, छात्रवृत्ति, शैक्षिक सामग्री, मसलन्द, परीक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप, पाठ्यपुस्तक, प्रशासनिक खर्च, निर्माण तथा मर्मत सम्भार तथा विविध खर्चहरू । विद्यालय तहमा लगानीको प्रमुख स्रोत सरकारी अनुदान हो । कुल लगानीको ७० देखि ८० प्रतिशत रकम तलव तथा भत्तामा खर्च भएको पाइयो । विद्यालयहरुले भर्नाशुल्क, परीक्षा शुल्क तथा मर्मत सम्भार शुल्कहरुबाट झण्डै १० प्रतिशत सम्म लगानी गरेको पाइयो । अतिरिक्त क्रियाकलाप अन्तर्गत शैक्षिक भ्रमण तथा सीपमूलक सिकाइहरु भएको पाइयो । जुनजुन शीर्षक अन्तर्गत लगानी भएको हो सोही शीर्षकमा रकम खर्च गर्ने परिपाटी नभएको पाइयो । अभिभावक भेला गराई आय व्यय विवरण सार्वजनिक गर्ने परिपाटी सबै विद्यालयमा नभएको पाइयो । सबै विद्यालयमा लेखापालको व्यवस्था भएको पाइयो । पारदर्शिताका लागि कम्प्युटर प्रणालीमा हिसाब किताब राख्ने व्यवस्था कुनै

पनि विद्यालयमा नभएको पाइयो । लेखा प्रणाली पनि दोहोरो लेखा प्रणाली कम विद्यालयले मात्र राख्ने गरेको पाइयो । सरकारी निकायबाट हुने लेखा प्रणाली कम प्रभावकारी भएको पाइयो । विद्यालय व्यवस्थापन समितिको भूमिका सक्रिय नभएको पाइयो । निजी विद्यालयहरुसँगको अस्वस्थ प्रतिस्पर्धाले गर्दा राम्रा विद्यार्थी विभिन्न तरिकाबाट निजीतर्फ जाने हुँदा गुणस्तर कायम गर्न गाह्रो भएको गुनासो पाइयो । भौतिक सुविधा तथा कम्प्युटर आदिमा सरकारी लगानी कम भएको पाइयो । पुस्तकालयको सुविधा निकै कम विद्यालयले मात्र उपलब्ध गराएको पाइयो । तुलनात्मक रुपमा विकास वजेट कमी भएको पाइयो ।

## ५.२ निष्कर्ष

नेपालको विद्यालय शिक्षामा भएको सरकारी लगानी र त्यसको प्रभावकारीता हेर्ने क्रममा नमुना छनोट गरी सिन्धुली जिल्लाका सहरी तथा ग्रामीण क्षेत्रका दुई दुई गरि चारवटा स्रोत केन्द्रका विद्यालयको धरातलीय अध्ययन गरी निम्न निष्कर्षहरुमा पुगेको छु ।

विद्यालयमा उपलब्ध हुने सरकारी अनुदानको ८० प्रतिशत भन्दा बढी रकम तलब भत्तामा खर्च हुँदा भौतिक व्यवस्था, छात्रवृत्ति, प्रशासनिक खर्च आदिमा वजेट पर्याप्त नभएको देखिन्छ ।लेखा प्रणाली कम्प्युटराइज्ड नहुँदा यसको प्रभावकारिता र पारदर्शिता माथि सधै प्रश्न उठ्ने गरेको । सरकारी लगानीको अतिरिक्त जनसहभागिता तथा लगानीलाई अगाडि नल्याइँदा समुदायको चासो सरकारी भन्दा निजी विद्यालयतर्फ ज्यादा रहेको देखिन्छ ।गुणस्तर माथि सधै प्रश्न चिह्न लाग्ने गरेको छ । त्यसका लागि उचित चासो दिनुपर्ने देखिन्छ

## ५.३ सुझावहरु

कुनै पनि कुराको सबल र दुर्बल पक्षहरु हुने हुँदा यहाँ यस शोध अध्ययनको शिलशिलामा विद्यालय शिक्षामा भएको सरकारी लगानी प्रभावकारिता हेर्ने क्रममा देखिएका समस्या समाधान गर्नका लागि निम्नानुसारको सुझावहरु पेश गर्दछु ।

### ५.३.१ नीति निर्माण तहका लागि सुझाव

सरकारी अनुदानमा मात्र निर्भर रहने प्रचलनलाई कम गर्न विद्यालयका लगानीका स्रोतहरु पत्ता लगाउदै जानुपर्दछ । गरीब, पिछडिएका तथा जेहेन्दार विद्यार्थीहरुलाई पूर्ण रुपमा निःशुल्क तथा छात्रवृत्तिको व्यवस्था मिलाइनु पर्दछ । लेखा प्रणाली पारदर्शी बनाउन लेखापालको छुट्टै व्यवस्था गर्ने तथा लेखा प्रणालीलाई दोहोरो लेखाप्रणाली साथै कम्प्युटराइज्ड गरिनु पर्दछ । लेखा व्यवस्थापनका लागि सरकारले लेखा प्रणाली सम्बन्धी

तालिमको व्यवस्था गरी लेखा प्रणालीमा एकरुपता ल्याउनु पर्दछ । सम्पूर्ण आर्थिक कारोबार बैंक खाता मार्फत् गरिनु पर्दछ । सरकारले विद्यालयमा शिक्षक बाहेकका कर्मचारी जस्तै : लेखापाल, कुचिकार, पाले  जस्ता आवश्यक कर्मचारीको दरबन्दी सिर्जना गरिदिनु पर्दछ । राम्रो व्यवस्थापन भएका विद्यालयलाई पुरस्कृत गरी प्रचार प्रसार समेत गर्नु पर्दछ ।

### ५.३.२ कार्यान्वयन तहका लागि सुझाव

विद्यालयको आर्थिक अवस्थालाई सुदृढ गर्दै भौतिक अवस्था सुधारका लागि ध्यान दिईनु पर्दछ ।  शौचालय, पिउने पानी, खेलमैदान, वगैँचा जस्ता कुराहरु उपयुक्त रुपमा तयार पारिनु पर्दछ । विद्यालयको आय व्ययको बारेमा कम्तिमा तीन तीन महिनामा अनुगमन तथा वर्षमा एकपटक अभिभावक भेला गराई प्रस्तुत गर्नु पर्दछ ।

विद्यालयका कुनै पनि लगानी खर्चलाई रसिद मार्फत कारोवार गरी रुजु गर्ने प्रणालीको व्यवस्था गरिनु पर्दछ । सामुदायिक विद्यालयले निजी विद्यालयसँगको प्रतिस्पर्धा कम गर्न अंग्रेजी माध्यमबाट पनि पढाइ सुरु गर्नु पर्दछ ।

एस.एल.सी. रिजल्टलाई गुणस्तरीयताको आधार मान्ने प्रचलन रहेकाले सरकारी लगानीमा सञ्चालित विद्यालयले पनि एस.एल.सी. नतिजालाई राम्रो बनाउन कदम चाल्नु पर्दछ । विद्यालयमा लाइब्रेरी, कम्प्युटर, विज्ञान प्रयोगशाला, खेलकुद तथा अतिरिक्त क्रियाकलापको उचित प्रबन्ध मिलाउनु पर्दछ । नेपाल सरकारले विद्यालयलाई आर्थिक रुपमा मजवुद बनाई गुणस्तरी शिक्षाको सुनिश्चितता गर्नु पर्दछ ।

### ५.३.३. अनुसन्धान तहका लागि

यो अनुसन्धानले विद्यालय तहमा लगानी को प्रभावकारीता को बारेमा थप अनुसन्धान गर्न सहयोग गर्दछ । लगानी व्यवस्थापनबाट सिकाइमा प्रत्यक्ष प्रभावपार्ने कुरा सुझाउन सहयोग गर्दछ ।  लगानी र प्रतिफलको तुलना गर्न सहयोग गर्दछ ।

# सन्दर्भ सामग्रीहरू


आचार्य, सुशन र खनाल, मुकुन्दमणी (२०६०) *शिक्षाको वित्तीय अर्थशाश्त्र,* काठमाण्डौ : मकालु प्रकाशन गृह ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५), काठमाण्डौ  लेखक

कानुन किताव व्यवस्था समिति (२०६३), *नेपालको अन्तरिम संविधान* काठमाण्डौ लेखक

कानुन किताव समिति (२०६८), *शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ संशोधन* सहित काठमाण्डौ लेखक

जिल्ला शिक्षा कार्यालय, (२०६८), *शैक्षिक बुलेटीन*  सिन्धुली।

खनाल, पेशल, *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौ विद्यार्थी पुस्तक भण्डार ।

खनाल, मुकुन्दमणि, *चितवन जिल्लाको रत्ननगर नगरपालिकाका माध्यमिक विद्यालयहरुको वित्त व्यवस्थापनमा समुदायको सहभागिता एक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

ढकाल माधव प्रसाद (२०६८), *शोधयात्रा,* काठमाण्डौ शारा प्रकाशन ।

न्यौपाने, त्रिलोचन (२०६८), *लमजुङ जिल्लाको प्याराजुङ स्रोतकेन्द्र अन्तर्गतका शैक्षिक वित्त व्यवस्था एक अध्ययन,* अप्रकाशित शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल काठमाण्डौ ।

पौडेल, गिरिराज, (२०६६), *शिक्षाको परिचय,* काठमाण्डौ विद्यार्थी पुस्तक भण्डार

पौडेल,श्यामकृष्ण (२०६७), *तनहुँ जिल्लाको माध्यमिक विद्यालयमा विद्यार्थी तथा अभिभावकहरुले गर्ने शैक्षिक लगानी एक अध्ययन,* अप्रकाशित शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

शिक्षा विभाग, (२०६८), *शैक्षिक समाचार,* भक्तपुर : लेखक

शिक्षा मन्त्रालय, (२०६८), *विद्यालय सुधार योजना,* (२००९-२०१५), काठमाण्डौ लेखक

शिक्षा नियमाबली, २०५९ संशोधन सहित (२०६३) शिक्षा मन्त्रालय ।

सिन्हा, राम स्वरुप (२०६०), *काठमाण्डौ जिल्लामा माध्यमिक विद्यालयको वित्तीय स्थिति र शिक्षण सिकाई उपलब्धि,* अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

Poudel Balaram (2008). *Education Finance*, Unpublished Ph.D. Thesis.

Thapa B. K. (1993). *Education Finance*, Unpublished Ph.D. Thesis

## अनुसूचि १

विद्यालयका प्रधानाध्यापकका लागि तयार पारिएको प्रश्नावली ।

प्रध्यानाध्यापकको नाम :- ...............................................................

विद्यालयको नामः .......................................................

१. यहाँ कहिलेदेखि यस विद्यालयको प्र.अ. का रुपमा काम गरिरहनुभएको छ?

...............................................................................................

२. यो विद्यालय कहिले स्थापना भएको हो ?

...............................................................................................

३. हाल कति कक्षासम्म संचालन भईरहेको छ?

...............................................................................................

४. शिक्षक दरबन्दी संख्या कति छ?

...............................................................................................

५. विद्यार्थी संख्या कति छ?

...............................................................................................

६. विद्यार्थीले कुन कुन शीर्षक अन्तर्गत शुल्क तिर्दछन?

...............................................................................................।

७. भौतिक संरचना सबै विद्यालय आप-नै हो वा अरु कुनै ब्यक्ति वा संस्थाहरुको समेत प्रयोगमा छ?

...............................................................................................।

८. निजि स्रोतमा सन्चालित शिक्षक संख्या कति छ?

...............................................................................................।

९. सरदर बार्षिक आय ब्यय कति छ?

...............................................................................................।

१०. एस.एल.सी. परिाीामा उत्तीर्ण प्रतिशत विगत पाँच बर्षमा कति कति छ?

...................................................................................।

११. यो विद्यालय बर्तमान सरकारी ब्यवस्था अन्तर्गत समुदायमा हस्तान्तरण भएको हो वा होईन?

...................................................................................।

१२. समुदायमा हस्तान्तरीत भएको भए समुदायले कुनकुन कुरामा सहयोग गर्ने गर्दछ?

...................................................................................।

१३. निजि विद्यालयसंग सामुदायिक विद्यालयका चुनौतीहरु के के हुन?

...................................................................................।

१४. सरकारी सहयोग प्राप्त हुननसकेका मुख्य बिषयहरु के के हुन?

...................................................................................।

१५. समुदायवाट कस्तो सहयोगको अपेक्षा गर्नुहुन्छ?

...................................................................................।

आफ्नो अमुल्य समय दिई सहयोग गर्नु भएकोमा आभारसहित धन्यवाद ।

## अनुसुचि २

विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि तयार पारिएको प्रश्नावली

विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाम : ..................................

विद्यालयको नाम : .........................................................

१. यहाँ कहिलेदेखि विद्यालय व्यवस्थापन समितिको अध्यक्षको रुपमा काम गर्दै हुनुहुन्छ ?

.............................................................................................

२. विद्यालय व्यवस्थापन समितिको विद्यालयसँगको सम्बन्ध कस्तो हुन्छ ? औपचारिक मात्र वा सक्रिय ?

.............................................................................................

३. व्यवस्थापन समितिले विद्यालयमा व्यवस्थापन समितिले विद्यालयमा खेल्ने कुनै २ वटा मुख्य भूमिका के के हुन् ?

.............................................................................................

४. यहाँले अध्यक्षता लिइरहेको विद्यालयको मुख्य समस्याहरु के के हुन् जस्तो लाग्छ ?

.............................................................................................

५. समुदायबाट के कस्तो सहयोग हुनु पर्ला ?

.............................................................................................

६. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुँदा के कस्तो सेवा सुविधा प्राप्त गर्नुहुन्छ ?

.............................................................................................

७. विद्यालयको निरन्तर विकासको लागि के के काम गर्नु भयो ?

.............................................................................................

८. भविष्यमा आफ्नो विद्यालयले नगरी नहुने कामहरु के के होलान् ?

.............................................................................................

आफ्नो अमुल्य समय दिई सहयोग गर्नु भएकोमा आभारसहित धन्यवाद ।

## अनुसुचि ३

विद्यालयसँग सम्बन्धित अभिभावकका लागि तयार पारिएको प्रश्नावली

अभिभावकको नाम : ...............................................

१. तपाईको बालबच्चाले पढ्ने विद्यालयको नाम के हो ?

.......................................................................................

२. तपाई कहाँ बस्नु हुन्छ ?

.......................................................................................

३. तपाईले यो विद्यालय रोज्नुको कारण के हो ?

.......................................................................................

४. तपाई विद्यालयले गर्ने कार्यक्रमहरुमा सहभागी हुनुहुन्छ कि हुँदैन ?

.......................................................................................

५. विद्यालयको आम्दानी/खर्चको बारेमा कुनै जानकारी छ ?

.......................................................................................

६. विद्यालयको पढाइप्रति कति सन्तुष्ट हुनुहुन्छ ?

.......................................................................................

७. विद्यालयमा पढाइ/लेखाइ बाहेक के के अतिरिक्त क्रियाकलाप हुने गर्दछन् ?

.......................................................................................

८. आफ्ना केही सुझावहरु भए बताइदिनु हुन्छ कि ?

.......................................................................................

आफ्नो अमुल्य समय दिई सहयोग गर्नु भएकोमा आभारसहित धन्यवाद ।

## अनुसूचि ४

विद्यालयका लेखापालका लागि तयार पारीएको प्रश्नावली

लेखापालको नाम : ................................................

विद्यालयको नाम : ........................................................................

१. यहाँले कहिदेखि यस विद्यालयको लेखापालको रुपमा काम गरिरहनु भएको छ ?

..............................................................................................

२. विद्यालयमा लेखा राख्दा कुन कुन तरिकाबाट राख्नु हुन्छ ?

..............................................................................................

३. कम्प्यूटरको माध्यमबाट लेखा राख्ने प्रणाली कहिले देखि शुरु गर्नु भएको वा छैन ?

..............................................................................................

४. हरेक कारोवारमा विल, भर्पाई वा रसिद काट्ने गरिन्छ वा गरिदैन ?

..............................................................................................

५. विद्यालयको बैङ्किङ कारोवार छ वा छैन ?

..............................................................................................

६. लेखापरिक्षण हुन्छ वा हुँदैन ।

..............................................................................................

७. खाता सञ्चालन क-कस्को नाममा हुने गर्दछ ?

..............................................................................................

८. विद्यालयको आय/व्यय विवरण अभिभावक भेलामा प्रस्तुत हुन्छ वा हुँदैन ?

..............................................................................................

९. लेखाप्रणाली चुस्त दुरुस्त राख्ने कुनै अन्य सुझाव बताईदिनु हुन्छ की ?

..............................................................................................

आफ्नो अमुल्य समय दिई सहयोग गर्नु भएकोमा आभारसहित धन्यवाद ।

## अनुसूचि ५

विद्यालयका शिक्षकका लागि तयार पारीएको प्रश्नावली

विद्यालयको नाम : ........................................................................

शिक्षकको नाम : ...............................................

१. यहाँले कहिदेखि यस विद्यालयमा शिक्षकको रुपमा कार्यरत हुनुहुन्छ ?

...............................................................................................

२. यहाँले कुन विषय शिक्षण गर्नुहुन्छ ?

...............................................................................................

३. विद्यार्थीको चाप कस्तो छ ?

...............................................................................................

४. कुन-कुन तहको विद्यार्थीहरु बढी आउने गर्दछन् ?

...............................................................................................

५. विद्यार्थीको नियमितता कस्तो छ ?

...............................................................................................

६. शैक्षिक सामग्रीको उपलब्धता कस्तो छ ?

...............................................................................................

७. अतिरिक्त क्रियाकलाप के कति हुने गर्दछन् ?

...............................................................................................

८. तपाइले विद्यालयमा पाएका मुख्य समस्याहरु के के छन् ?

...............................................................................................

९. भविष्यमा नगरी नहुने कुनै दुईवटा सुझावहरु बताइदिनु हुन्छ की ?

...............................................................................................

आफ्नो अमुल्य समय दिई सहयोग गर्नु भएकोमा आभारसहित धन्यवाद ।

## अनुसूचि ६

प्रथम पञ्चवर्षिय योजना देखि १० औं योजना सम्मको शिक्षामा सरकारले छुट्याएको रकम

प्रतिशत

| क्र.स. | अवधि | विवरण | शिक्षामा छुट्याएको रकम |
|---|---|---|---|
| १ | २०१३–२०१८ | प्रथम पञ्चवर्षीय योजना | ५.७६% |
| २ | २०१९–२०२२ | दोस्रो त्रिवर्षीय योजना | ६.६७ % |
| ३ | २०२२–२०२७ | तेस्रो पञ्चवर्षीय योजना | ७.४७ % |
| ४ | २०२७–२०३२ | चौथो पञ्चवर्षीय योजना | ३.३८ % |
| ५ | २०३२–२०३७ | पाँचौ पञ्चवर्षीय योजना | ४.२४ % |
| ६ | २०३७–२०४२ | छैटौं पञ्चवर्षीय योजना | ७.५१ % |
| ७ | २०४२–२०४७ | सातौं पञ्चवर्षीय योजना | १० % |
| ८ | २०४९–२०५४ | आठौं पञ्चवर्षीय योजना | १५.२४ % |
| ९ | २०५४–२०५९ | नवौं पञ्चवर्षीय योजना | ७.६ % |
| १० | २०५९–२०६४ | दशौं पञ्चवर्षीय योजना | १३.४ % |
| ११ | २०६४–२०६७ | अन्तरिम योजना | १६.१ % |

स्रोत : शैक्षिक निरिक्षण र नेपालको शैक्षिक प्रणाली २०६६

# अनुसूचि ७

लेखा व्यवस्थापनका लागि आवश्यक कागजपत्रहरुको विवरण

| क्र.स. | खानाको नाम | तोकिएको फाराम नं. |
|---|---|---|
| १ | विद्यालयको वजेट खाता | १ |
| २ | आम्दानीको हिसाव खाता | २ |
| ३ | खर्चको हिसाव खाता | ३ |
| ४ | नगदी खाता | ४ |
| ५ | बैंक खाता | ५ |
| ६ | पेश्की खाता | ६ |
| ७ | जिन्सी खाता | ७ |
| ८ | मासिक आम्दानी खर्चको विवरण खाता | ८ |
| ९ | शुल्क दर्ता किताव खाता | ९ |
| १० | वासलात खाता | १० |

स्रोत : राष्ट्रिय शिक्षा आयोग

२०४९

## अनुसूचि ८

श्री उच्च मा.वि. पानीट्याङ्की कनपा ६ सिन्धुलीको लगानी विवरण २०६८/०६९

| क्र.सं. | लगानीका शीर्षकहरु | रकम (रु.) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी अनुदान तलब भत्ता वापत | ८५०००० | ६७.५० |
| २ | छात्रवृत्ति वापत | १४४०० | १.१४ |
| ३ | निर्माण वापत | १९५००० | १५.४८ |
| ४ | विद्यालय स्रोतबाट हुने लगानी | २००००० | १५.८८ |
| | जम्मा | १२५९४०० | १००.०० |

स्रोत : विद्यालयको आय व्यय विवरण ०६८/०६९

## अनुसूचि ९

श्री चन्द्रावती उच्च मा.वि. बेलघारी सिन्धुलीको लगानी विवरण २०६८/०६९

| क्र.सं. | लगानी शीर्षकहरु | रकम (रु.) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी अनुदान तलब भत्ता वापत | १९५०००० | ७१.४३ |
| २ | छात्रवृत्ति वापत | २४००० | ०.८८ |
| ३ | निर्माण वापत | ३००००० | १०.९९ |
| ४ | विद्यालय स्रोतबाट हुने लगानी | ४५६००० | १६.७० |
| | जम्मा | २७३०००० | १००.०० |

स्रोत : विद्यालयको आय व्यव विवरण २०६८/०६९

## अनुसूचि १०

श्री जनप्रेमी उच्च मा.वि. स्याङती लाम्पन्टार ९ सिन्धुलीको लगानी विवरण २०६८/०६९

| क.सं. | लगानी शीर्षक | रकम (रु.) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी अनुदान तलवभत्ता वापत | ९५०००० | ७५.४० |
| २ | निर्माण वापत | ८०००० | ६.३४ |
| ३ | भर्ना तथा परीक्षामा लगानी | ७०००० | ५.५५ |
| ४ | चन्दाबाट प्राप्त रकमबाट हुने लगानी | ९०००० | ७.१४ |
| ५ | छात्रवृत्तिमा हुने लगानी | १५००० | १.२० |
| ६ | गा.वि.स.ले गर्ने लगानी | ५५००० | ४.३७ |
|  | जम्मा | १२६०००० | १००.०० |

स्रोत : विद्यालयको आय व्यय विवरण

## अनुसूचि ११

श्री कमला उ. मा.वि. ढुङग्रेवासको लगानी विवरण २०६८/०६९

| क.सं. | लगानी शीर्षक | रकम (रु.) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी अनुदान तलवभत्ता वापत | ५५००००० | ७८.५८ |
| २ | छात्रवृत्तिमा लगानी | १००००० | १.४२ |
| ३ | भर्ना र परीक्षामा लगानी | ७००००० | १०.०० |
| ४ | बैंक व्याज + चन्दाबाट गरिने लगानी | २००००० | २.८५ |
| ५ | गा.वि.स. ले गर्ने लगानी | २००००० | २.८५ |
| ६ | भौतिक निर्माणमा लगानी | ३००००० | ४.३० |
|  | जम्मा | ७०००००० | १००.०० |

स्रोत : विद्यालयको आय व्यय विवरण २०६८/०६९